

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



लैङ्गिक हिंसाको अन्त्य; समृद्ध नेपालको गन्तव्य

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ चैत ०२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 15 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९९


## पङ्गु वीरगंज नगर विकास समिति

## ३५ वर्षअघि बिक्री गरेको जग्गा उपभोग भएन

प्रस, वीरगंज, १ चैत/

३५ वर्षअघि वीरगंज नगर विकास समितिले प्लटिङ गरी बिक्री गरेको जग्गा सम्बन्धमा उदासीनता देखाएको छ । साबिक श्रीसिया खल्वाटोला गाविस, हाल वीरगंज-२५ श्रीसिया-ड्राइपोर्टको पूर्वपट्टि वीरगंज नगर विकास समितिले २० बिघा जग्गा प्लटिङ गरी बिक्री गरेको तर आवश्यक प्रक्रिया पूरा नगर्दा जग्गाधनीहरूले करीब ३५ वर्षदेखि जग्गा उपभोग गर्न पाएका छैनन् ।

२०४२ सालमा तत्कालीन वीरगंज नगर पञ्चायत अन्तर्गतको वीरगंज नगर विकास समितिले सो क्षेत्रको २० बिघा जग्गामा १६ धुर र २४ धुरको ३४२ वटा कित्ता प्लटिङ गरी टेन्डर आह्वान गरेर बिक्री गरेको थियो । त्यति बेला १६ धुरको १० हजार र २४ धुरको १५ हजार रुपैयाँमा बिक्री भएको थियो । शुरूमा वीरगंजकै प्राध्यापक, कर्मचारी, इन्जिनीयरलगायतको कोलोनीको रूपमा विकास गर्ने लक्ष्य राखे तापनि उनीहरूलाई प्लट किन्न रकम अभाव भएपछि पर्सा जिल्लामा कार्यरत सरकारी कर्मचारीहरूलाई पनि किस्ताबन्दीमा ती प्लटहरू बिक्री गरिएको थियो ।

तत्कालीन वीरगंज नगर पञ्चायत, वीरगंज उपमहानगरपालिकाबाट महानगरपालिकामा परिणत भए तापनि अहिलेसम्म सो जग्गाको ३४२ वटा प्लट कसको कहाँ छ भनेर नछुट्याइएको कारण जग्गाधनीहरूले जग्गा उपभोग गर्न नपाएका हुन् । २० बिघाभित्र दुईवटा ६० फिट चौडा सडक र अन्य ठाउँमा ४० र ३५ फिटको बाटो निकालिसकिएको छ ।


सो प्लटमा छुट्टाछुट्टै क्षेत्रफलका चारवटा कित्ता नछुट्याउँदा ३५ वर्षअघि खरीद गरेका जग्गाधनीहरू समस्यामा परेका हुन् ।

नगर विकास समिति अहिले वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीको अध्यक्षतामा आइसकेको छ । तर कर्मचारीको अभाव र समितिका पदाधिकारीहरूको उदासीनताका कारण प्लटको क्षेत्रफल छुट्याउन ढिलाइ भइरहेको बताइएको छ ।

वीरगंज नगर विकास समितिका पूर्वअध्यक्ष हाल वीरगंज महानगरका बोर्ड सदस्य अरविन्द गुप्ताले आफूले २०७३ सालमा उक्त २० बिघा जग्गाको चार किल्ला छुट्याउन टेन्डर निकालेर उक्त काम भ्याइसकेको र अहिले नगर विकास समितिमा नापी सर्वेक्षकको पद खाली रहेकोले नापनक्शा गरी प्लटहरूको सीमाङ्कन गर्न नसकिएको बताए ।

गुप्ताले वीरगंजका नगरप्रमुख र नगर विकास समितिका पदाधिकारीहरूले चाहेमा पाँच दिनमा जग्गा सीमाङ्कनको काम सकिने बताए । प्लट छुट्याउन टेन्डर निकालेर पनि गर्न सकिने उनको सुझाव छ ।

नगरप्रमुख सरावगीले टाउन प्लानिङको श्रीसिया जग्गाको बारेमा अहिलेको प्रगतिबारे जानकारी नभएको बताउँदै कर्मचारीहरूलाई जिम्मा लगाएको र बुझेर बताउने जवाफ दिए ।




पावरहाउसचोकमा रहेको बोर्ड





नगर विकास समितिको वीरगंज-२५ मा रहेको २० बिघा जग्गा । तस्वीरः प्रतीक

### उकुसमुकुसमा प्लटधनीहरू

वीरगंज-२५ स्थित (लक्ष्मी आयलभन्दा दक्षिण) खलवाटोला, मौजे श्रीसिया र ड्राइपोर्ट श्रीसियाको बीचमा टाउन प्लानिङ योजना अन्तर्गत ३५ वर्षअगाडि बिक्री गरिएको प्लटको छिनोफानो गर्न स्थानीयहरूले माग गरेका छन् ।

उनीहरूले जग्गाको स्वामित्व चाँडै छिनोफानो भएमा जग्गाको भोगचलन गर्न, घर बनाउन वा बिक्री गरेर ठूलो रकम मुनाफा गर्ने सोचमा देखिन्छन् । ड्राइपोर्ट र आइसिपीबीचको ६२ बिघा जग्गा सरकारले अधिग्रहण गरी मुआवजा वितरण शुरू गरेपछि बस्ती स्थानान्तरण हुँदा सयौं जनाले अर्को ठाउँमा जग्गा किन्छन् र घर बनाउँछन् ।

यसैको मौकामा यदि उक्त जग्गाको निर्क्योल भयो भने १०/१५ हजार रुपैयाँमा खरीद गरिएका ती जग्गाहरूबाट अहिले लाखौं मुनाफा गर्न सकिने स्थानीय केदार महतो बताउँछन् । उनका अनुसार अहिले उक्त प्लटमा मौखिकरूपमा ३० देखि ४० लाख प्रतिकट्ठा मूल्य रहेको बताउँछन् ।

जग्गाको छिनोफानो नहुँदा वरपरबाट साँध सँधियारहरूले जग्गा मिच्न थालेकाले यसबारे वीरगंज महानगरपालिका गम्भीर हुनुपर्ने जग्गाधनीको माग छ ।

प्लट किन्नेहरूमा श्रीसियाका बासिन्दा न्यून र वीरगंज तथा जिल्लाबाहिरका जग्गाधनीहरू बढी छन् ।

## नाटकीयरूपमा जाटिया वयोधा अस्पतालमा भर्ना

प्रस, वीरगंज, १ चैत/

वीरगंज महानगर-२ छपकैयास्थित श्रीराम कोलोनीको जग्गा ठगी प्रकरणमा प्रहरीले पक्राउ गरेका प्रेम जाटिया अहिले अस्पतालमा भर्ना भएका छन् ।

गत शनिवार उनी नारायणी अस्पतालमा भर्नाको लागि गएको र त्यहाँका चिकित्सकले उनलाई वयोधा अस्पताल रेफर गरेका थिए ।

जाटिया उच्च रक्तचाप र युरिक एसिडको समस्या झेल्दै औषधिसेवन गर्दै आएको नारायणी अस्पतालका चिकित्सकले बताए । नारायणी अस्पतालले रक्तचाप र युरिक एसिडको उपचार गर्न असमर्थता देखाएर वयोधा अस्पताल रेफर गरेको हो ।

नारायणी अस्पतालका मेसु डा सञ्जय ठाकुरले अस्पतालमा उच्च रक्तचाप र युरिक एसिडको उपचार सम्भव भएको बताए पनि अन्य कारणले रेफर गरिएको हुन सक्ने बताए । उनले रेफर गर्ने चिकित्सकको नाम सार्वजनिक गरेनन् । प्रेम जाटिया गत शनिवारदेखि वयोधा अस्पतालमा उपचारको नाममा बसेका छन् । प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले जाटिया वयोधा अस्पतालमा भर्ना भएको पुष्टि गरे । उनले हिरासतमा रहेका व्यक्तिको स्वास्थ्य उपचार अधिकार प्रयोग गरेर अस्पतालमा भर्ना भएको र त्यहाँ प्रहरीले बयान नलिने बताए । उनले अस्पतालमा जति दिन बिताए पनि त्यहाँबाट रेफर भएको खण्डमा प्रहरी कार्यालयमा बयान लिने र कारबाई प्रक्रिया अगाडि बढाउने बताए ।

२०६० सालमा श्रीराम कोलोनीको जग्गा गोपाल अग्रवालले खरीद गरेका थिए । मालपोत तथा भूमिसुधार कार्यालयका कर्मचारीको मिलेमतोमा मोही गायब गरी पुनः सो जग्गा २०६२ सालमा प्रेम जाटियाले खरीद गरेका थिए । १७ वटा कित्तामा बिक्री भएको सो जग्गा १५ वर्षपछि मोही हक लाग्नेहरूले खोजीनीति गरेर पर्सा जिल्ला अदालतमा

(बाँकी अन्तिम पातामा)



श्रीराम कोलोनी र इन्सेटमा प्रेम जाटिया । तस्वीरः फाइल

## वीरगंज उद्योग वाणिज्य सङ्घको निर्वाचनको नतीजा

प्रस, परवानीपुर, १ चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घको अध्यक्षमा सुबोधकुमार गुप्ता सर्वसम्मत चयन भएका छन् ।

शुक्रवारदेखि शुरू भएको वीरगंज उद्योग वाणिज्य सङ्घको ४५औं साधारणसभाबाट उनी सर्वसहमत अध्यक्ष पदमा चयन भएको प्रमुख निर्वाचन अधिकृत बालमुकुन्द खरेलले जानकारी गराए । त्यसैगरी, दशजना पदाधिकारी सदस्यको सिटमध्ये ६ वटा सिटमा सर्वसम्मत चयन भएको र बाँकी ४

(बाँकी पाँचौं पातामा)




तस्वीरः प्रतीक

## बेसहारालाई सहारा दिने मानव सेवा आश्रम साँघुरियो

प्रस, परवानीपुर, २९ फागुन/

पौने चार वर्षदेखि पर्सा, बारा क्षेत्रमा बेसहारालाई सहारा दिँदै आएको वीरगंजको मानव सेवा आश्रम अहिले आफैं बेसहारा र साँघुरिदै गएको छ । वीरगंज-११ श्रीपुरमा रहेको मानव सेवा आश्रमको तीन तले भवन आश्रितले भरिभराउ छ । जसले गर्दा व्यवस्थापनमा समस्या भइरहेको छ ।

मानव सेवा आश्रम प्रदेश २ का इन्चार्ज दिवेश गुप्ताका अनुसार गत २०७४ जेठ १५ गते गणतन्त्र दिवसका दिन एकजना असहायबाट शुरू भएको आश्रममा अहिले २७ महिला, २२ पुरुष र दुईजना बालबालिका गरी ५१ जना आश्रित छन् । उनले करीब एक वर्षदेखि नयाँ घर खोज्दै आएको र तर शान्तिपूर्ण र किफायती दाममा वीरगंजमा सुहाउँदो घर नै नपाएको उनले दुःखेसो पोखे । वीरगंजका केही भवन राम्रो लागे पनि घरधनीले आश्रमको लागि डेरा दिन नमानेको उनको भनाइ छ । अहिलेको घरको भाडा र घरबहाल कर जोदा मासिक करीब ६०-७० हजार रुपैयाँ हुन्छ, जुन वीरगंज महानगरले सहयोग गरेपछि वीरगंजको मानव सेवा

(बाँकी अन्तिम पातामा)





तस्वीरः प्रतीक

सम्बन्ध आफन्तसँग होस् वा मित्रसँग परस्पर सम्मान र भरोसा हुनैपर्छ ।

- विचारसार र सूक्तिहरू


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
online: eprateekdaily.com


## नजर नलागोस्

**आफ्नै बुताले अगाडि बढ्नु, परिवार, समाज तथा देशको लागि केही गर्नुलाई सर्वोत्तम सामर्थ्य मानिन्छ । सभ्य र विवेकशील शासक भएको मुलुकमा यसरी आफ्नो बुताले अगाडि बढ्नेलाई सक्दो सहयोग गरिन्छ । त्यसैको सिको गरेर नेपालमा प्राय: स्वरोजगारीहरू सबै किसिमका व्यवधानमा सरकारले पहल गरिदेओस् भन्ने चाहना राख्दछन् । कम्तीमा देशमा उद्योग–व्यवसाय फस्टाउने वातावरण बनोस्, नियम कानूनहरू उद्योग–व्यवसाय–सेवामैत्री बनून् भन्ने सबैको चाहना पनि हो । यसले गर्दा व्यक्तिलाई काम गर्ने हौसला प्राप्त हुन्छ र व्यक्ति, उसको परिवारको साथै समाज र अन्ततोतत्वा देशले नै उन्नतिरूपी प्रतिफल पाउँछ । त्यसैले वीरगंज उद्योग वाणिज्य सङ्घको ४५औं साधारणसभाको उद्घाटन गर्दै नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई गर्नुपर्ने सहयोग नगरेको भन्दै सरकारमाथि आरोप लगाए । अन्य वक्ताहरूले पनि सरकारले निजी क्षेत्रलाई उपेक्षा गरेको आरोप लगाएका छन् । सरकारले उद्योग–व्यापार–सेवा क्षेत्रसँग जसरी राजस्व, आयकर उठाउँछ, त्यसैगरी यी क्षेत्रको विकासमा दायित्व निर्वाह गर्नु जायज माग हो । तर दुर्भाग्य नेपालमा यो दायित्व निर्वाह गर्ने सरकारहरू भस्मासुरको रूपमा मात्र अवतरित हुने गरेका छन् ।**

**सरकारले अहिलेसम्म निजी क्षेत्रका उद्योगहरूमा प्रदान गरेको सेवा भनेको आआफ्नो राजनीतिक दलसँग आबद्ध मजदूरहरूलाई उचाल्नु र उद्योग धराशयी पार्नु मात्र देखिएको छ । निजी क्षेत्रको कुरा किन गर्ने, सरकारले आफूले सञ्चालन गरेका उद्योग, सेवा तथा व्यापार क्षेत्रकै कुरा गरौं न ! कुन चाहिं उँभो लागेको छ ? कुन उद्योग, प्रतिष्ठान, प्राधिकरण र सरकारी सेवा क्षेत्रले वाहवाह भन्ने काम गरेको छ । आफैंले सञ्चालन गरेको हवाई यातायात, साझा यातायात, विभिन्न कलकारखाना (चिनी, चुरोट, कागज, कपडा आदि), व्यापार (नेशनल ट्रेडिङ, खाद्य संस्थान, कृषि सामग्री कम्पनीलगायत)को हबिगत तथा सेवा क्षेत्रमा (खानेपानी, नेपाल आयल निगम, विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार) भस्मासुरशैलीका अत्युत्तम उदाहरण हुन् । केही सेवा क्षेत्र (विद्युत्, आयल निगम आदि)ले नाफा नगरेका होइनन्, तर त्यसका लागि नागरिकले ढाड भाँचिनेगरी शुल्क तिरेका छन् । जबकि उद्योग–व्यवसाय र सेवा क्षेत्रको मूल सिद्धान्त हो–कमसेकम शुल्कमा अधिकतम सेवा प्रदान गर्नु । जनतालाई बाध्य पारी बढीभन्दा बढी शुल्क लिएर नाफा आर्जन गर्नुलाई सफलता मान्न सकिंदैन ।**

**साँच्ची भन्ने हो भने निजी क्षेत्रले सरकारसँग सहयोग माग्नु भनेको आफ्नो क्षेत्रमा काललाई निम्त्याउनु मात्र हो । भ्रष्टाचार र कमिशनको जालो सरकारीतन्त्रसम्म सीमित भएकोमा त्यसलाई निजी क्षेत्रतर्फ आकर्षित गर्ने उद्यम मात्र हो । आज सरकारले सुविधा नदिंदा त एउटा उद्योग स्थापना गर्न जुन परिभ्राट भोग्नुपर्छ त्यो कम छैन, भोलि उद्योग अनुकूल सुविधा दिने सरकारी सोच आयो भने मजदूर युनियनको मार खेपेर अचेतावस्थामा पुगेका उद्योगहरू मृत्युशय्यामा पुग्न बेर छैन । अहिले सरकार आफ्नै उद्योग–व्यवसाय र सेवाबाट अघाइरहेको अवस्था छ । निजी क्षेत्रले सरकारसँग सुविधा खोज्नु, सहयोग माग गर्नु भनेको नेपालको सन्दर्भमा सरकारको भोक बढाउनुजस्तै हो । भोकाएको भस्मासुरले त्यसपछि के बित्पात गर्छ भन्न सकिंदैन ।**

# राजनीति कि अपराध

स्वतन्त्र विचार



कुमार रुपाखेती

**त्यसो त एमाले र माओवादी दुवै चरम हिंसाको बाटोबाट राजनीतिको मूलधारमा प्रवेश गरेका हुन् । अहिले त विप्लवसमेत खुला राजनीतिमा आउनाले झनै अन्योल थपिएको छ । मधेसकेन्द्रित दलहरूले समेत तराईमा अलिक समय धमाचौकडी मचाएकै हुन् ।**

संसद् पुनर्स्थापना भएपछि के के न परिवर्तन होला भन्ने ठानेको आम नागरिकलाई यो पुनर्स्थापना त 'खोदा पहाड निकला चुहा' जस्तै भएको छ । फागुन २३ गतेको पहिलो बैठकमा कोही बहिष्कार भन्दै बाहिरिए, कोही हलभित्रै नारा लगाउन थाले । त्यसपछि सभामुखले संसद् बैठक फागुन २६ गतेको लागि राखे । फागुन २६ गतेको बैठक मृतक सांसदहरूको आत्माको चिरशान्तिको कामना र श्रद्धाञ्जलिपछि स्थगित भयो । संसद् बैठकको वजन यति हलुको त पञ्चायतकालमा समेत थिएन । एकदलीय व्यवस्था भनिए पनि त्यो बेलासमेत प्रधानमन्त्री पदको हानथाप चलिरहन्थ्यो तर संसद् आफ्नो गरिमा अनुसार निर्णायकरूपमा निरन्तर अगाडि बढिरहन्थ्यो । अहिले प्रधानमन्त्री पद मलाई भन्ने थुप्रै अंशियार र हकदार हर्कतमा आएजस्तो चलन त्यतिखेर थिएन । त्यतिखेर दरबारले मुलुकको आवश्यकता अनुसारको अनुहारलाई बोलाइ जिम्मेवारी सुम्पिन्थ्यो र संसद्को विवाद सल्टयाउँथ्यो, संसद् बैठक सुचारु हुन्थ्यो । अहिले त हामी पुस ५ गतेदेखि नै अनिर्णयको बन्दी छौं ।

राजा वीरेन्द्रले संसद्को रडाको शान्त गर्न एकाएक मरिचमान सिंह श्रेष्ठलाई प्रधानमन्त्री बनाए । त्यही बेला भारतले नाकाबन्दी लगाइदियो । राजा र प्रधानमन्त्रीको सुझबुझले त्यतिखेरको नाकाबन्दीमा हामीले त्यति हायतौबा मचाउनुपरेन, कालोबजारी र महँगी खेप्नुपरेन । तर एमालेको ओलीको पालामा भएको नाकाबन्दीले हाम्रो नाकमा दम गरिदियो । मधेसकेन्द्रित दलले भारतसँग साखुल्यता देखाउन कुनै कसर बाँकी छोडेन । राजा वीरेन्द्रको समयमा भएको नाकाबन्दीमा कायल भएर राजीव गाँधी आफैंले राजालाई फोन गर्न पुगे । ओलीको पालाको नाकाबन्दीमा हामीले देशी, विदेशी शक्ति गुहारेर मात्र पार पायौं । अहिलेको संसद्को तौरतरीका त स्कूल र कलेजका अल्लारे विद्यार्थीको पाराझैं छ, जतिबेला मन लाग्यो हडताल, जुलुस र नाराबाजी गऱ्यो अनि चिचिपापा हात पारेपछि शान्त बस्यो ।

प्रधानमन्त्री बन्न पञ्चायतकालमा कसैको अवैध र असंवैधानिक माग पूरा गर्नुपर्दैनथ्यो । अचेल गणतन्त्रमा हेर्नुस् त आजीवन कारावासको सजाय भोगिरहेका रेशम चौधरीलाई बाइज्जत रिहा गरे अमूकलाई प्रधानमन्त्रीमा समर्थन गर्ने, लिम्पियाधुरा, कालापानीबारे चुइँक्क नबोले प्रधानमन्त्री बनाइने आदि इत्यादि राष्ट्रघाती शर्तहरू तेर्साइन थालिएका छन् । टीकापुर काण्डमा तत्कालीन प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई हातहतियार नलिई आउनु, छलफल गर्नु छ भनेर बोलाइ हत्या गरिएको अभियोगमा रेशम चौधरी जेलमा छन् । उनी जनता समाजवादी पार्टीका सांसद हुन् । रौतहटका बबन सिंह पारामा उनले चुनाव जितेका थिए । आज बबन सिंहको हबिगत सबैलाई थाहै छ । तत्कालीन फोरमका सांसद सञ्जय टकला पनि जेलमैं छन् । टकलालाई ओझेलमा पार्दै उनकै दलले अहिले रेशम चौधरीको सुगारटाइ गरिरहेको छ । भनिन्छ, सञ्जय टकलाभन्दा ठूलो जघन्य अपराधका नाइके रेशम चौधरी हुन् । जसले टीकापुरका थारू समुदाय र रेशम चौधरीहरूलाई उक्साएर, उचाले अहिले तिनीहरू नै आफ्नो खिया लागेको राजनीति चम्काउन उनको रिहाइको नारा चम्की–चम्की घन्काइरहेका छन् ।

त्यसो त नेपाली काङ्ग्रेस पनि हत्याको अभियोगमा कारावास जीवन बिताइरहेका आफ्ना एक सांसदलाई जेलमुक्त गर्न ऐडीचोटी एक गरिरहेको छ । वर्तमान राजनीतिक अन्योलको वातावरणलाई सबैले अवैध पासो थाप्ने अवसरमा परिणत गरेका छन् । अब यो पासोमा परेर कुन चाहिं मुसा प्रधानमन्त्री बन्ने हो त्यो अझै स्पष्ट भइसकेको छैन । विगतमा यस्तै राजनीतिक अन्योलका बीच थुप्रै अपराधीले राजनीतिक आममाफी पाएको सबैलाई थाहै छ । झन्डै दुई तिहाइको सरकार सजिलै हावा–कावा भएपछि अवसरवादी र कमजोर साना दलहरूले जाल बिछ्याउन थालेका छन् । विगतमा यति थान मन्त्रालय, यति थान मन्त्री चाहियो भन्नेहरू अब अपराधी छुटाउने शर्त राख्नाले हाम्रो राजनीतिमा अपराधीहरूको कत्रो बोलवाला छ भन्नेसमेत उजागर भएको छ । तर यो कुरा 'मन के लड्डु घि से खाना' पनि साबित हुन सक्छ ।

नयाँ सरकार निर्माण हुन्छ कि यही ओली सरकारले निर्धारित मितिमा निर्वाचन गराउँछ भन्ने कुरा अझै स्पष्ट छैन । झन् अदालतले एमाले र माओवादीको कित्ताकाट गरिदिएपछि राजनीतिक अन्योलता अझै गर्माएको छ । त्यसो त एमाले र माओवादी दुवै चरम हिंसाको बाटोबाट राजनीतिको मूलधारमा प्रवेश गरेका हुन् । अहिले त विप्लवसमेत खुला राजनीतिमा आउनाले झनै अन्योल थपिएको छ । मधेसकेन्द्रित दलहरूले समेत तराईमा अलिक समय धमाचौकडी मचाएकै हुन् । २००७ सालको जनक्रान्तिमा त नेपाली काङ्ग्रेससमेतले बन्दुक उठाएकै हो । यिनीहरू सबै 'एक से बढकर एक' छन् । सङ्घर्ष र त्यागसमेत गरेकै छन् । तर सत्ता र सरकारमा जान यिनले प्रदर्शन गर्ने त्रियाचरित्रले यिनको विगतको क्रियाकलाप साँच्चै राजनीतिक थियो कि देखावा मात्र थियो भन्नेबारे सबैले घोत्लिनु जरुरी छ । अस्तु ।

# लहान मालपोत कार्यालयमा बम विस्फोटमा आठजना घाइते

लहान, १ चैत/रासस

सिराहाको लहानस्थित मालपोत कार्यालयमा आइतवार अपराह्न बम विस्फोट हुँदा एक कर्मचारीसहित आठजना घाइते भएका छन् । घाइतेमध्ये दुईजनाको गम्भीर अवस्था छ ।

कार्यालय सञ्चालन भइरहेका बेला भवनको पहिलो तलामा अचानक अपराह्न १ बजेतिर बम विस्फोट हुँदा छर्रा लागेर मालपोत कार्यालय लहानमा कार्यरत कर्मचारी ३८ वर्षीय शिवकुमार यादव र लेखापढी व्यवसायी ७८ वर्षीय भोला पाचेमगर घाइते भएका छन् ।

बमकै छर्रा लागेर सेवाग्राही सिराहा, धनगढीमाई नगरपालिका–१३ निवासी ३५ वर्षीय दिनेश भण्डारी, लहान नगरपालिका–१६ तरेगाना निवासी ५२ वर्षीय लालबहादुर विक, भगवानपुर गाउँपालिका–३ निवासी ५४ वर्षीय बद्रीनारायण यादव, गोलबजार नगरपालिका–४ निवासी ३८ वर्षीय फूलकुमार ठाकुर तथा गोलबजार–६ निवासी ३५ वर्षीय लक्ष्मी राणा र ३५ वर्षीया बेचैनी मगर घाइते भएको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ ।

(बाँकी पाँचौं पातामा)



घटनापछि एकत्रित स्थानीय । तस्वीर: सौजन्य

## एकटाँगामा नेपाली काङ्ग्रेसको भेला

प्रस, पर्सागढी, १ चैत/

पर्सागढी नगरपालिका–९ एकटाँगामा नेपाली काङ्ग्रेसका सक्रिय कार्यकर्ताहरूको भेला सम्पन्न भएको छ ।



तस्वीर: प्रतीक

शङ्करप्रसाद यादवको अध्यक्षतामा भएको भेलामा सडक, नालाको समस्याबारे छलफल भएको थियो । भेलामा प्रदेशसभा सदस्य राजेश्वर साह तेली, देवपूजन गौरो, लक्ष्मन यादव, मेघराज यादव, वासु दास, नन्दलालदास थारू, अकलु यादवलगायतको सहभागिता थियो ।

## ७ जना महिलासहित ६३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १ चैत/

राउन्ड टेबल नेपालले आइतवार आयोजना गरेको रक्तदान कार्यक्रममा ७ जना महिलासहित ६३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र परिसर आदर्शनगरमा भएको रक्तदान कार्यक्रममा कविता खेतान, निखिल चाचान, विष्णु सिकरिया, नवीन पटेल, विपुल खन्ना, सञ्जीव चौरसिया, अमित दारुकालगायतले रक्तदान गरेको प्राविधिक कुशवाहाले बताए ।

रक्तदान कार्यक्रम राउन्ड टेबुलका क्षेत्रीय संयोजक पङ्कज अग्रवालको अध्यक्षतामा भएको थियो ।



तस्वीर: प्रतीक

## नमान्ने ठाउँ छैन, तर केही भन्नु अवश्य छ

पाठक प्रतिक्रिया

२८ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'किन नेपालमा नयाँ व्यापार सृजनकर्ताको अभाव छ ?' पढें । भनेका कुरा शतप्रतिशत सही छन् तर के हजुरले नेपाललाई युरोप, अमेरिका नै बनाइछाड्ने हो ? एउटा नेपाली घरमा दुईजना बुहारी थिए । एउटी अमेरिकी र अर्की नेपाली । अमेरिकी बुहारीले आफ्ना छोराछोरीलाई चाउचाउ, चाउमीन र यस्तै इन्टरप्रेनिउरहरूले बनाएको फास्टफूड खुवाउँथिन्, नेपाली बुहारीले परम्परागत इन्टरप्रेनिउरहरूले बनाएको चिउरा, चना, सत्तुजस्तो फास्टफूड खुवाउँथिन् । कुन इन्टरप्रेनिउरको फास्टफूड तपाईंलाई राम्रो लाग्छ ? डिजिटल व्यापारको सवालमा म हजुरसँग सहमत नहुने कुरा आउँदैन । आविष्कार र प्रविधिमा अमेरिका र युरोपलाई समाउन हाम्रो सोच बदल्नै पर्छ । तर प्रतिष्ठाको सवालमा म हजुरसँग सहमत छैन । सानोतिनो काममा जस्तै कसले सफाइ गर्छ, कसले पेट्रोल भर्छ, त्यसलाई अमेरिकी र युरोपेली समाजले अवश्य मतलब राख्दैन । तर प्रतिष्ठित वर्ग त्यहाँ पनि धेरै छन् । त्यस्तो नभइदिएको भए कमला ह्यारिस र बाइडेनको केही प्रतिष्ठा नहुने रहेछ । पिएचडी गरेका डाक्टर, इन्जिनीयर र वैज्ञानिकहरूले त्यहाँ पनि त्यत्तिकै सम्मान पाउँछन्, जति नेपालमा । नेपालमा त उखानै छ, जहाँ डाक्टर बस्छ, त्यहाँ बजार बन्छ र जहाँ अस्पताल बन्छ, त्यहाँ शहर नै बस्छ । बजार र शहरको मतलब हो, विभिन्न रोजगार पैदा हुनु । महेन्द्र आरोग्य भवन हजुरले देखेको जङ्गलमा बनेको थियो । अहिले त्यहाँ शहर बसेको छ । हो, सानो कामप्रति यहाँको सोच गलत छ । त्यो अवश्य बदलिनुपर्छ ।

नेपाल गरीब र बेराजगारीहरूको देश हो । त्यसैले केही दिन पहिले मैले आफ्नो छोराको लागि बिजुलीले चल्ने टेम्पो किनिदिएँ । मलाई लाग्छ कि वीरगंजका सबै बेरोजगारीले त्यही किनेका छन् । जति मान्छे छैनन्, त्यति टेम्पो छ । छोरोले छाडिदियो दुई दिनमा । यसरी यहाँ समस्या अनेक छन् । तर पनि हजुरको प्रश्नसँग अस्वीकार गर्ने ठाउँ छैन ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# प्रजातन्त्र सेनानी रामकृष्ण कार्कीलाई जय नेपालको श्रद्धा–सुमन

आज सिमरा विमानस्थलमा अचानक एक दुःखद समाचारको अप्रत्याशित सामना गर्नुपर्‍यो । समाचार भनेको २०७७ फागुन १७ गते वीरगंजको नारायणी अस्पतालमा बिहान करीब ५ बजे नेपाली काङ्ग्रेसका प्रजातन्त्र सेनानी रामकृष्ण कार्कीले यस भौतिकजगत्‌बाट बिदा लिनुभयो । मन चीसो भयो, उहाँ मेरा सहपाठी मित्र स्व भास्कर कार्की र दिवाकर कार्कीका पिता र मेरा आदरणीय काका हुनुहुन्थ्यो । उहाँप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जलि तथा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु । पर्सा जिल्लाको राजनीतिक घटनाक्रमलाई खोतल्ने सन्दर्भमा केही वर्ष पहिले मैले उहाँलाई भेट्ने अवसर पाएको थिएँ । भेट्नलाई वीरगंज वडा नं ४ स्थित बिर्तामाई मन्दिरको नजीक उहाँको घरमा पुगें । आफूलाई छोराको मित्र भनी परिचय दिएँ । वास्तविकता पनि त्यही थियो । केही समय भलाकुसारी भयो । उहाँले आफ्नै हस्तलिखित पर्सा जिल्लाको राजनीतिक घटनापत्र, करीब ६ पानाको थियो, मलाई दिनुभयो, अध्ययन गर्न भन्नुभयो, त्यसलाई मैले फोटोकपी गरी एक प्रति मैले राखें र उहाँको सक्कल मूल लिखित उहाँलाई नै सुम्पें ।

रामकृष्ण कार्कीको जन्म विसं १९८३ असार महीनामा वीरगंजको छपकैयामा भएको थियो । पिता कर्णबहादुर कार्की र माता बालकुमारी कार्कीको कोखबाट जन्मेका रामकृष्ण कार्की, साधारण लेखपढ गर्न जान्ने मात्र थिए । विसं २००३ देखि नै स्वस्फूर्त नै राजनीतिमा लागेको बताउने रामकृष्ण कार्कीकी जेठी पत्नी कृष्णकुमारी कार्कीको मृत्युपश्चात् दोस्री पत्नीको रूपमा राधा कार्की मृत्युपर्यन्तसम्म उहाँकी जीवनसङ्गिनी बन्नुभयो । विसं २००८ सम्म थोरै समयको लागि मात्र नेपाली काङ्ग्रेसप्रति सक्रिय राजनीतिमा होमिएका समर्पित तथा प्रतिबद्ध रामकृष्ण कार्की राजनीतिका सबै खाले विकृति तथा विसङ्गतिहरूबाट टाढा रहनुभएको थियो । रामकृष्ण कार्की तत्कालीन निरङ्कुश राणाशासनविरुद्धको सङ्घर्ष र क्रान्तिमा सक्रियताको साथ लागेबापत जेल तथा यातना भोगेका कठिन दिनहरूलाई सम्झिनुहुन्छ । २००७ सालको क्रान्ति तथा त्योभन्दा पनि पूर्वबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा योगदान पुर्‍याएबापत नेपाली काङ्ग्रेस पार्टीबाट “प्रजातन्त्र सेनानी” पदद्वारा विभूषित रामकृष्ण कार्की नेपाली काङ्ग्रेसकै ज्येष्ठ नागरिकसभाको केन्द्रीय सदस्यसमेत रहनुभएको थियो ।

विसं २००३ मा वीरगंजमा सञ्चालित दि जुद्ध मैच फैक्ट्री (सलाई कारखाना)मा एक मजदूर मिस्त्रीको रूपमा जागीरे रामकृष्ण कार्कीले सोही सलाई कारखानामा त्यहाँ कार्यरत कारखाना मजदूरहरूलाई राजनीतिकरूपले सङ्गठित गरेको र सोको नेतृत्वसमेत गरेको सम्झिनुहुन्छ । कारखाना मजदूरहरूको तलबवृद्धिको माग राखी नौ दिनसम्म कारखाना बन्द–हडताल गरेको घटनालाई पनि सम्झिंदै भन्नुहुन्थ्यो– “वीरगंजको सलाई कारखानाको त्यो हडतालमा त्यति बेला विराटनगरको जुटमिलमा भएको हडतालको प्रभाव थियो । हडतालमा सबै मजदूर सङ्गठित र उनीहरूको पूर्ण सहयोग र साथ थियो । उक्त मिलका मालिक नारायणबहादुर चिपालु थिए । उनी दयालु स्वभावको भएकाले उनले हडताललाई दबाउने प्रयास भने गरेनन् । हडताल नौ दिनसम्म चल्यो, नौ दिनपछि कारखाना मालिकसँग वार्ता भयो, हाम्रो तलबवृद्धिको माग पूरा भई हडताल सफल भयो ।”

मन्तव्य



बालगोपाल थापा


**...रक्सौलस्थित हजारीमल विद्यालयनजीक एउटा खपडावाला टहरो घर थियो । त्यस टहरोलाई नेपाली काङ्ग्रेसका निर्वासित नेताहरू आई आश्रय लिने, सङ्घर्ष र क्रान्तिको योजना बनाउने, राणाशासनविरुद्ध पम्प्लेट, पत्रपत्रिकाहरू नेपाल भित्र्याउने केन्द्रको रूपमा प्रयोग गर्ने गर्दथे ।”**

राजनीतिक यात्राको आरम्भकालका दिनहरू सम्झँदै भन्नुहुन्थ्यो, “विसं २००३ मा वीरगंजनजीक छिमेकी मुलुक भारतीय सीमा शहर रक्सौलस्थित हजारीमल विद्यालयनजीक एउटा खपडावाला टहरो घर थियो । त्यस टहरोलाई नेपाली काङ्ग्रेसका निर्वासित नेताहरू आई आश्रय लिने, सङ्घर्ष र क्रान्तिको योजना बनाउने, राणाशासनविरुद्ध पम्प्लेट, पत्रपत्रिकाहरू नेपाल भित्र्याउने केन्द्रको रूपमा प्रयोग गर्ने गर्दथे ।” रामकृष्ण कार्की पनि त्यहाँ जाने र विभिन्न नेतासँग भेट्ने र राणाशासनविरुद्धका समाचार, पत्रपत्रिका, पम्प्लेटहरू गोप्यरूपमा सुरक्षित वीरगंज ल्याइ वितरण गर्ने कार्यसमेत गर्नुहुन्थ्यो । त्यति बेला उहाँसँग खेमप्रसाद पराजुली पनि रक्सौल जानुभएको र त्यहाँ प्रजातन्त्रवादी नेता प्रेम काँसाकारसँग भेट भएको सम्झिनुहुन्छ ।

राजनीतिक यात्राको क्रममा दुईपटक जेल परेको सम्झिनुहुन्छ । पहिलो २००५ सालमा, त्यति बेला वीरगंजको जेलमा ३ महीना र दोस्रोपटक काठमाडौंको जेलमा २००६ सालमा ३–४ महीना बिताउनुभएको थियो । जेलजीवनलाई सम्झँदै भन्नुहुन्थ्यो, “काठमाडौंको जेलमा बन्दीहरूसँग गाईवस्तुहरू र मगज बिग्रेका मानिसहरूलाई पनि सँगै राख्ने गरिन्थ्यो । काठमाडौंको जेलमा बस्दा गाईवस्तुहरू र बौलाहाहरूसँग बन्दी जीवन बिताउनु भनेको ठूलो शारीरिक यातना थियो । त्यति बेला मसँगै जेलजीवन बिताउने मित्रमा गोश्वारा रोड वीरगंजका शम्भुबहादुर श्रेष्ठ पनि थिए ।”

विसं २००४, वीरगंजमा नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराई (किसुनजी)को नेतृत्वमा राणाशासन विरोधी सत्याग्रह आन्दोलन भएको थियो । त्यस आन्दोलनमा मलगायत सहभागी हुने मित्रहरूमा फणिन्द्रराज शर्मा, ठाकुरकुमार श्रेष्ठ, खेमप्रसाद पराजुली, निरजी आदिहरू थिए । त्यो आन्दोलन वैशाख महीनामा भएको थियो र करीब २० देखि २५ दिनसम्म चलिरह्यो । ३–४ दिनपछि आन्दोलनको विरुद्धमा प्रहरीहरूद्वारा लाठी चार्ज भयो । धरपकड पनि भयो तापनि आन्दोलन रोकिएन, अन्त्यमा सबै आन्दोलनकारीलाई लहरी (ट्रक)मा लोड गरी रक्सौलनजीकको सीमास्थित श्रीसिया नदीको काठको पुलबाट तल फालेको घटनालाई पनि सम्झिनुहुन्छ । नेपाली काङ्ग्रेसको झन्डा बोकी पर्सा र बारा जिल्लाका विभिन्न गाउँ–गाउँमा पार्टीको प्रचारप्रसार गर्दै सङ्गठन निर्माण गर्नुभएको दिनलाई सम्झँदै भन्नुहुन्थ्यो– “त्यो राजनीतिक कार्यमा मित्र सुखीराम साह कानूले साथ दिएको र हामी फत्तेपुर सिक्री भन्ने गाउँसम्म पुगेका थियौं ।”

विसं २००४ मा नेपालमैं पहिलोपटक नेपाली काङ्ग्रेसको कार्यालय किसुनजीको नेतृत्वमा रामकृष्ण कार्कीले वीरगंज बिर्ताको आफ्नै घरमा खोल्ने प्रयास गरेको तर त्यति बेला राणाशासनको दमनको कारण खोल्न नसकेको तथापि त्यति बेलाका सबै युवा मिली वीरगंजको घडीअर्वा पोखरीनजीक दक्षिणपट्टिको



स्व रामकृष्ण कार्की

महावीर मन्दिरमा भेला भई गोप्यरूपमा नेपाली काङ्ग्रेसको सम्पर्क कार्यालय खोली पार्टी सञ्चालन गरेको घटना र दिनलाई महत्त्वपूर्ण दिनको रूपमा सम्झिनुहुन्छ ।

विसं २००७ सालमा वीरगंज कारागारबाट जेल तोडी कैदीहरू भागेको र भाग्ने बन्दीहरूमध्ये भारतका प्रजातन्त्रवादी नेता सूर्यनारायण सिंह पनि पक्राउ परी वीरगंजको कारागारमा थिए । उनले पनि मुक्ति पाएको घटना सम्झिनुहुन्छ ।

राणाशासनको समाप्तिपछि विसं २००८ मा सुवर्ण शमशेरको पालामा विधिवत्‌रूपमा नेपाली काङ्ग्रेसको कार्यालय खोलियो । सभापति तेजबहादुर अमात्य हुनुहुन्थ्यो भने त्यस कार्यालयको सचिवको रूपमा रामकृष्ण कार्कीले पार्टी र पर्सावासीको सेवा गर्नुभयो । विसं २००९ बाट उहाँले सक्रिय राजनीतिबाट बिदा लिनुभयो तर नेपाली काङ्ग्रेसको प्रतिबद्ध र समर्पित कार्यकर्ताको रूपमा बाँचुन्जेल स्थापित रहनुभयो । अन्त्यमा विसं २००९ देखि २०५८ सम्म वीरगंजमा सञ्चालित विभिन्न सिनेमाहल जस्तै कीर्ति सिनेमा हल, विद्या चलचित्र मन्दिर आदिको मेनेजर भई जिम्मेवारी सम्हाल्नुभयो । लामो समय मेनेजर भई काम गर्नुभएको आदरणीय रामकृष्ण कार्कीलाई उपनाम “मेनेजर साहेब”को नामले पनि जानिन्थ्यो वीरगंजमा ।

रामकृष्ण कार्की आफ्नो लिखतम् राजनीतिक जीवनबारे भन्नुहुन्थ्यो–

“म २००३ सालताका दि जुद्ध मैच फैक्ट्रीमा आउटर मेशिन (सलाईको काँटी भर्ने डिब्बा) चलाउने काम गर्दथें र रक्सौल हजारीमल हाइस्कूलअगाडि रोडदेखि पश्चिम लामो खपडाको टहरा थियो । त्यसै टहरामा राजनीतिक नेताहरूको डेरा थियो । त्यसबखत म आफ्ना साथीहरू बलरामप्रसाद उपाध्याय, रङ्गनाथ उपाध्याय, द्वारिकाप्रसाद, शम्भु श्रेष्ठ, जनकबहादुर राजभण्डारी, माधवलाल श्रेष्ठ आदिलाई भुटनदेवीको चौरमा जम्मा गरी रक्सौलबाट राजनीतिक नेतालाई बोलाइ एकतन्त्रीय जहानियाँ राणाशासनको विरोधमा सङ्गठित गर्ने गर्दथ्यौं । रक्सौलबाट पम्प्लेट (पर्चा) ल्याइ वीरगंज बजारमा छर्ने पनि गर्दथें । २००३ सालमा तलबवृद्धिको माग गरियो । तलबवृद्धिको माग पूरा नभएपछि ८–९ दिनसम्म फैक्ट्री हडताल पनि गराएको थिएँ ।

हडतालपछि त्यस फैक्ट्रीको काम छाडी भवानीशङ्कर देउबाजेको पत्रिकाको एजेन्सी थियो । उहाँकै पत्रिका पनि वितरण गर्ने काम गर्न थालें । बनारसबाट प्रकाशित दैनिक पत्रिका “आज” र “संसार”, इलाहाबादबाट प्रकाशित अङ्ग्रेजी पत्रिका “नेशनल हेराल्ड” र पटनाबाट प्रकाशित “नवराष्ट्र” बिक्री वितरण गर्ने काम गर्न थालें । महीनावारी ग्राहकहरूको पत्रिकाभित्र एकतन्त्रीय राणाशासनविरुद्धको पम्पलेट राखी वितरण गर्ने गर्दथें ।

यो २००३ सालैतिरैको कुरा हो, कहाँबाट श्री तेजबहादुर अमात्यज्यूले थाहा पाउनुभएको रहेछ र पत्रिका वितरण गर्ने सिलसिलामा म माईस्थान चोकमा पुगेको बेला, अमात्यज्यू, प्रिन्सिपल मोहनप्रसाद लाखे र भूपेन्द्रलाल नेपाली तीनजना हुनुहुन्थ्यो, मलाई बोलाउनुभयो र पत्रिकाको बारेमा सोधपूछ गर्नुभयो र उहाँहरूले हामी पनि तपाईंको साथमा छौं, तपाईं आफ्नो काम गर्दै गर्नुहोस् भनी मेरो हौसला बढाउनुभयो ।

२००४ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेसको झन्डामुनि किसुनजीको नेतृत्वमा सत्याग्रह आन्दोलन भयो र त्यस आन्दोलनमा सक्रियरूपमा भाग लिएर आन्दोलन गरियो ।

वीरगंजमा पार्टीको कार्यालय राख्ने भनी किसुनजीले भन्नुभयो । मेरो पूरै घर खाली थियो । मैले म आफ्नो घर पार्टी कार्यालयको लागि दिन्छु भनें र कार्यालय उद्घाटन गर्नका लागि किसुनजीसमेत पूरा जत्था उद्घाटन गर्न भनी आउँदा राणाशासनका कर्मचारीहरूले ढोकामा ताल्चा मारी आँगनमा कुर्सी लगाइ सुब्बा इत्यादि कर्मचारीहरू बसिरहेका थिए र कार्यालय उद्घाटन गर्ने कार्यक्रम स्थगित भयो । किसुनजीसमेत सबै रक्सौल फर्केर गयौं ।

सत्याग्रह आन्दोलन स्थगित भइसकेपछि राणाशासनविरुद्ध काङ्ग्रेसको प्रचारप्रसार गर्नका लागि किसुनजीले मेरो नेतृत्वमा तीनजना साथीसहित मलाई गाउँ–गाउँमा जानका लागि खटाइ पठाउनुभयो । हामी चारजना साथी नेपाली राष्ट्रिय काङ्ग्रेसको झन्डा बोकी धोरे गाउँदेखि झौवा, अलौं, केहुनिया, मधुवनी, झखरा मसिहानी, लहावर थकरी, नीतनपुर, भेडिहारी, हरपतगंज, प्रसौनी, सुगौली, पोखरिया, महुवन, सोलखपुर, फत्तेपुर, सेमरी फत्तेपुर, बकुलियाबाट जीतपुर हुँदै रक्सौल आइपुग्यो ।

रक्सौल क्याम्पमा आइपुगेपछि किसुनजी अर्कै क्याम्पमा गइसक्नुभएको रहेछ । किसुनजीको बदलामा मुन्सी दयाशङ्कर आउनुभएको रहेछ ।

त्यसपछि रेग्मीज्यूको नेपाली राष्ट्रिय काङ्ग्रेसको बनारस अधिवेशनमा सामेल हुन बनारस सँगै गई वीरगंज फर्किआएँ । वीरगंज आएपछि पक्राउ परियो र ६ महीना जति वीरगंज जेलको कष्टकर यातना सहनुपर्‍यो । ६ महीनापछि कागज गराइ छोडेपछि जीवनयापनको लागि चियापानको दुकान गरी बसिरहेको समयमा २००५ सालतिर फेरि पक्राउ परें । पक्राउ पर्नेमा म र साथी शम्भु श्रेष्ठ दुवैजनालाई काठमाडौं चलान गरी पठायो र रातभरि सिंहदरबारको गारदमा राख्यो र भोलिपल्ट पुलिस गोश्वारा खोरमा (हनुमान ढोकाअगाडि) जाकिदियो । त्यो खोर कस्तो रहेछ भने गाई, भैंसी, बाख्रा, सुङ्गुर, बौलाहा मानिस र सद्दे मानिससमेतको खोर रहेछ । त्यस खोरमा कति कष्टकर जीवन भोग्नुपर्‍यो होला बखान गरी न सक्नु थियो । ३–४ महीनापछि फेरि कागज गराइ छाड्यो र वीरगंज आई सलाई कारखानाको हेड मिस्त्रीको सहयोगले भारतको दरभङ्गामा सलाई कराखानामा एक/डेढ वर्ष जति काम गरी निर्वासित जीवन बिताउनुपर्‍यो ।

२००७ सालको क्रान्तिमा सामेल हुन फेरि वीरगंज आइपुगें र क्रान्तिको दोस्रो दिन रक्सौल जाने क्रममा सिगरेट फैक्ट्रीको भ्यानमा ड्राइभरको साइडपट्टि बाहिर गेटमा उभिई जान लाग्दा गाडी आफ्नै साइडपट्टि पल्टिन लागेको चाल पाई हाम फालेर ढुङ्गै–ढुङ्गैमा लड्न पुगेर अघिल्तिरको एउटा दाँत भाँचियो । छाती र घुँडामा चोट लागी घाइते मात्र भएर अकाल मृत्युबाट बाँच्न सफल भएँ । गेटभित्रको साथी द्वारिकाप्रसादको चाहिं चेपिएर त्यहीं मृत्यु भयो ।

बन्दुकधारी सुरक्षागार्डसहित मेरो औषधोपचार गरियो । ६–७ दिनमा ठीक भएँ र परवानीपुर मोर्चातर्फ जान लाग्दा मोर्चा तोडेर राणाका फौजहरूले फाइरिङ गर्दै लखेट्दै आउन लागेको चाल पाई भागदौड हुँदा म पनि भागेर आफ्नो घर छाडी अरूको घरमा गई लुकीछिपी बसें । अब मेरो खोजतलाश हुन लागेको थाहा पाई लुकीछिपी बसिरहें । मेरो खोजतलाश गर्ने को थिए भने डोलेन्द्रबहादुर अमात्यका ससुरा सुब्बा बखतमान थिए । ४–५ दिनपछि घाँस काट्नेको भेष धारण गरी डेली र खुर्पी बोकी खेतैखेत घाँस काट्दै इनर्वा गाउँ हुँदै रक्सौल पुगें ।

राणा र काङ्ग्रेसको संयुक्त सरकारको घोषणापछि रक्सौलबाट पार्टीका सम्पूर्ण कार्यकर्ता वीरगंज प्रवेश गरेका थियौं । तत्कालको लागि घडीअर्वा पोखरीदेखि दक्षिणपट्टिको मन्दिरमा सबै कार्यकर्ता बस्ने गरेका थियौं ।

केही दिनपछि सुवर्णज्यूको बङ्गला अगाडि (पहिले गोश्वारा कार्यालय थियो) त्यसैमा काङ्ग्रेसको कार्यालय खोलियो । मन्त्री पशुपतिनाथ घोष र श्री तेजबहादुरज्यूको सभापतित्वमा म सचिवको रूपमा २००८ सालसम्म पार्टी सञ्चालन गर्ने कार्य गरेको थिएँ । २०१० सालताका श्री तेजबहादुरज्यूले बृजलाल केडियाको घरमा दुर्गा प्रेस खोली मेरो जिम्मामा प्रेस सञ्चालन गर्न दिनुभयो । वीरगंजमा एउटा मात्र प्रेस भएकोले प्रेस राम्रैसँग चलिरहेको थियो । २०१२ सालको कुरा हो, महावीर मन्दिरअगाडि विश्वेश्वर शर्माको घर थियो । आमा, बुबा र छोरासहित तीनैजनाको निर्मम हत्याकाण्डको विषयमा प्रेसले पम्प्लेट छापेको थियो । सोहीबारेमा नेपाली काङ्ग्रेसकै बडाहाकिम दिगम्बर झाले प्रेस बन्द गराइदिनुभयो ।

त्यसपछि आफ्नो जीवनयापनको लागि सिनेमा हलको नोकरी गरेर जीवन निर्वाह गरियो । कति साथीहरू कोही अर्को पार्टीतिर लागे, कोही पञ्चायती व्यवस्थातर्फ लागे । म कतै नलागी आफ्नै पार्टीमा कटिबद्ध रहिरहेको छु । २०६२/०६३ सालको आन्दोलनमा एक दिन पनि नबिराएर आन्दोलनमा सामेल रही आन्दोलन गरियो । म आजसम्म पनि नेपाली काङ्ग्रेसप्रति प्रतिबद्ध रही सक्रिय कार्यकर्ता नै छु ।”

जय नेपाल
रामकृष्ण कार्की, कर्मठ कार्यकर्ता
नेपाली काङ्ग्रेस, वीरगंज

# अवैध उत्खनन गर्नेलाई कतै जरिवाना, कतै बेवास्ता

सर्लाही, १ चैत/रासस

सर्लाहीको ईश्वरपुरमा बाँके खोलाबाट अवैध ढङ्गले गिट्टी, बालुवा तस्करी गर्ने जेसिबी र टिपरलाई कारबाई गरिएको छ । रातको समयमा उत्खनन गरेर निकासी गर्ने तीन टिपर र दुई जेसिबीलाई दण्ड–जरिवाना गरेर छाडिएको ईश्वरपुर नगरपालिकाका प्रमुख मनोजकुमार देवकोटाले जानकारी दिए ।

नेपाल प्रहरीले फागुन १७ गते नै पक्राउ गरेर नगरपालिकाको जिम्मा लगाएको जेसिबीलाई रु १५ हजारका दरले र टिपरलाई रु १० हजारका दरले दण्ड–जरिवाना गरेर छाडिएको हो । अवैध ढङ्गले उत्खनन गर्दा बनेको खाल्डो पुर्नका लागि यतिका दिनसम्म जेसिबी र टिपरलाई नियन्त्रणमा राखेर खाल्डो पुरेपछि मात्रै आगामी दिनमा यस्तो गतिविधि नदोहोर्‍याउने शर्तमा छाडिएको नगरप्रमुख देवकोटाले बताए ।

सर्लाहीमा बाँकेसहित फुलजोर, कालिञ्जोर, लखनदेही र वाग्मती खोलामा मापदण्डविपरीत अत्यधिक दोहन भइरहेको छ । वातावरणीय मूल्याङ्कन प्रतिवेदन र नगरपालिकासँगको सम्झौताविपरीत विभिन्न ठेकेदार कम्पनीले उत्खनन गरिरहेका छन् । पूर्व–पश्चिम रेलमार्ग निर्माणको ठेक्का पाएको गजुरमुखी कन्स्ट्रक्शनले लखनदेही खोलामा ६ वटा स्काभेटर लगाएर दोहन गरिरहेको छ ।

त्यसैगरी, फुलजोर खोलामा सुकन्या वशिष्ठ कन्स्ट्रक्शनले वातावरणीय मूल्याङ्कन प्रतिवेदनविपरीत नदी दोहन गरी नजीकै रहेको क्रसर उद्योगलाई खोलाको गिट्टी, बालुवा दिने गरेको छ । स्थानीय सरकारले स्थानीयस्तरको विकास निर्माणमा लगाएको ठेक्काको बहानामा क्रसरलाई नदीजन्य पदार्थ दिनुले स्थानीय सरकार र ठेकेदारबीच नदी दोहनमा मिलेमतो रहेको आशङ्का गर्न सकिन्छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयप्रसाद देवकोटाले नगरपालिकाले ठेक्का लगाउँदा वातावरणीय मूल्याङ्कन प्रतिवेदन अनुसार उत्खनन गर्न दिएको बताउँछन् । उनले

(बाँकी चौथो पातामा)



नदीबाट बालुवाको अवैध उत्खनन गर्दै । तस्वीरः फाइल

# माओवादी केन्द्रीय कमिटी बैठकः मन्त्रीलाई पद त्याग गरी फिर्ता हुन निर्देशन

काठमाडौं, १ चैत/रासस

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को केन्द्रीय कमिटीले स्थायी कमिटीको प्रस्ताव गरे अनुसार अहिलेसम्म मन्त्री पदमा रहेका नेतालाई पद त्याग गरेर सरकारबाट फिर्ता हुन निर्देशन दिएको छ।

बैठकले पार्टीका केन्द्रीय कमिटीलगायत विभिन्न कमिटीमा रहेका सदस्य अर्को पार्टीमा रहेको भन्ने सार्वजनिक सूचना प्राप्त भएकाले माआवादी केन्द्रमा रहेको हो होइन, आफ्नो पार्टी कुन हो स्पष्ट गर्न स्पष्टीकरण माग्ने निर्णय पनि बैठकले गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए।

जारी बैठकपछि पत्रकारसँग प्रवक्ता श्रेष्ठले विभिन्न राजनीतिक दलसँग वार्ता र छलफललाई भने निरन्तरता दिने जानकारी दिए।

बैठकमा सहभागी एक नेताका अनुसार बैठकमा मन्त्रीबाट फिर्ता नभए अनुशासनको कारबाही गर्ने विषयमा समेत छलफल भएको जानकारी दिएका छन्। बैठक सोमवार पुनः बस्नेछ।

बैठकको सुरुआतमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान राजनीतिक परिस्थिति कम्युनिस्ट पार्टीमाथि भएको आक्रमणको स्थिति, पार्टी र कम्युनिस्ट आन्दोलनमा देखा परेको चुनौती र भावी कार्ययोजनाबारे समीक्षात्मक जानकारी गराएको प्रवक्ता श्रेष्ठले सुनाए। बैठकमा पार्टी केन्द्रीय कार्यालयका तर्फबाट रिपोर्टिङ गर्दै उनले पार्टी र नेपाली कम्युनिस्ट आन्दोलनको विषयमा ब्रिफिङ गरेका थिए। उनले पार्टीलाई क्रान्तिकारी दिशातर्फ लैजाने विषयमा बैठकमा आफ्नो भनाइ प्रस्तुत गरेका थिए। बैठकमा सहभागी नेताले पार्टीको नाम फेर्ने विषयसमेत उठेको जानकारी दिए।



तस्वीरः सौजन्य

श्रेष्ठका अनुसार बैठकले वर्तमान परिस्थिति पार्टीको अवस्था र नेपाली कम्युनिस्ट आन्दोलनबारे केन्द्रीय कार्यालयबाट रिपोर्टिङ गर्ने, सङ्गठनात्मक अवस्था र समसामयिक परिस्थितिबारे सबै प्रदेशबाट जानकारी गराउने, केन्द्रीय कमिटीका सबै सदस्यले वर्तमान सन्दर्भमा पार्टी र आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा सुझावात्मक टिप्पणी गर्ने, सङ्गठनात्मक काम र पार्टी विधान संशोधन तथा पार्टी अनुशासन, राष्ट्रिय भेला कम्युनिस्ट आन्दोलन एकीकरणका विषयका कार्यसूची पास गरेको छ।

उक्त कार्यसूची अनुसार आजको बैठकमा प्रदेशबाट नेताहरूले सङ्गठनको स्थिति र वर्तमान अवस्थाका बारेमा रिपोर्टिङ गरेका थिए। बैठकमा प्रदेश नं १ र २ बाट सहइन्चार्जद्वय सावित्रीकुमार काफ्ले र विश्वनाथ साह, वाग्मती प्रदेशबाट अध्यक्ष नारायण दाहाल, गण्डकी प्रदेशबाट अध्यक्ष हितराज पाण्डे, लुम्बिनी प्रदेशबाट अध्यक्ष ओनसरी घर्ती, कर्णाली प्रदेशबाट सचिव मायाप्रसाद काफ्ले र सुदूरपश्चिम प्रदेशबाट सचिव लेखबहादुर चौधरीले वर्तमान अवस्थाका बारेमा रिपार्टिङ गरेका थिए।

बैठकमा उपत्यका विशेष कमिटीका इन्चार्ज लीलामणि पोखरेल, प्रदेश सम्पर्क समन्वय कमिटीबाट अध्यक्ष प्रह्लाद बुढाथोकी र प्रवास समन्वय कमिटीबाट अध्यक्ष युवराज चौलागाईंले सङ्गठनको स्थिति र वर्तमान अवस्थाबारे जानकारी गराएका थिए।

बैठकमा सहभागी केन्द्रीय कमिटी सदस्य ईश्वरीप्रसाद भट्टराईले पार्टी अब नयाँ ढङ्गबाट अघि बढाउनेमा सबै नेता दृढ रहेको र सोही अनुसार केन्द्रीय कमिटी बैठक शुरू भएको जानकारी दिए। उनका अनुसर आज एजेन्डामा मात्रै प्रवेश गरेकाले सोमवारदेखि मिहीनरूपमा छलफल हुने जानकारी गराए। भट्टराईले भने, “सङ्गठनलाई सुदृढ बनाउन जनतामा जानुपर्छ भनेर अब नेताहरूले सोच्नुपर्छ, दलाल प्रवृत्तिलाई छाडेर बल प्रयोगका कुरामा जानुपर्छ।”

# पिताको स्मृतिमा अस्पतालका लागि जग्गादान

महोत्तरी, १ चैत/रासस

आफ्नो नगरबस्तीमा अस्पताल निर्माणका लागि बर्दिवास नगरपालिका–३ पाटुका डा सुवास घिमिरेले रु एक


तस्वीरः सौजन्य

करोडभन्दा बढी मूल्यको जग्गा दान गरेका छन्। आफैं दन्त चिकित्सक रहेका डा घिमिरेले पाटुमा सरकारी जनरल अस्पताल निर्माणका लागि करीब रु एक करोड २५ लाख मूल्य पर्ने पाँच कट्ठा जग्गा दान गरेका हुन्।

डा घिमिरेले निश्शुल्क उपलब्ध गराएको जग्गामा शनिवार नै अस्पताल निर्माणको लागि शिलान्यास गरिएको छ। नगरप्रमुख विदुरकुमार कार्कीले अस्पताल निर्माणका लागि नगरपालिकाले तत्काल रु ४५ लाख उपलब्ध गराउने प्रतिबद्धतासहित अस्पताल भवन निर्माणको शिलान्यास गरेका हुन्। अस्पताल भवन एक वर्षभित्र निर्माण सम्पन्न भएर त्यसलगत्तै सञ्चालनमा आउने नगरप्रमुख कार्कीको भनाइ छ।

शिलान्यास समारोहमा डा घिमिरेले सामाजिक क्षेत्रमा जीवनका अन्तिम क्षणसम्म योगदान दिएका आफ्ना स्व पिताको स्मृतिमा अस्पतालका लागि जग्गादान गरेको बताए। बर्दिवास–सिन्धुली–बनेपा (विपी) राजमार्गसँगै जोडिएको जग्गामा अस्पताल निर्माण थालिएको हो। सो अस्पताल निर्माण सम्पन्न भएर सञ्चालनमा आएपछि महोत्तरी, सिन्धुली, सर्लाही, धनुषा र उदयपुरसम्मका सर्वसाधारण स्वास्थ्य उपचार सेवाबाट लाभान्वित हुने डा घिमिरेको भनाइ छ।

# विग्ही नहर मर्मत नहुँदा किसान चिन्तित

जलेश्वर, १ चैत/रासस

महोत्तरी जिल्लाको विग्ही सिंचाइ आयोजना अन्तर्गत विग्ही नहर आवश्यक मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएको छ। लोहारपट्टि नगरपालिकाको महदैया तपनपुरस्थित सो नहरबाट हजारौं बिघा जग्गामा सिंचाइ हुने गर्दछ।

नहरका विभिन्न ठाउँमा भत्काउँदा जीर्ण बनेको हो। नहरले जिल्लाको १०० हेक्टर क्षेत्रफलमा सिंचाइको क्षमता राख्ने बताइएको छ। नहरको मर्मतसम्भार नहुँदा एक दशकदेखि कुल क्षेत्रमध्ये आधा भागमा मात्र सिंचाइ हुने गरेको महदैयाका किसान रामकृष्ण यादवले जानकारी दिए।

बाढीबाट विभिन्न ठाउँमा बर्सेनि नहर भत्किने क्रम जारी रहेको तपनपुर गाउँका किसान हेमशङ्कर यादवले बताए।

नहर मर्मतका लागि अहिलेसम्म रु ५० लाख खर्च भएको सिंचाइ डिभिजन कार्यालय महोत्तरीका प्रमुख विनय कर्णले जानकारी दिए। जिल्लाको ५०० हेक्टर जग्गामा सिंचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ सो आयोजना सञ्चालनमा आए पनि अहिले २५० हेक्टरमा मात्र सिंचाइ भइरहेको छ।

## अवैध उत्खनन.....

सम्झौताविपरीत नदी दोहन गरेको पाइएमा आवश्यक कारबाई गर्ने बताए।

यता गजुरमुखी कन्स्ट्रक्शनले उत्खनन गरेको स्थानमा पनि वातावरणीय मूल्याङ्कन प्रतिवेदन अनुसार उत्खनन नगरेको पाइएको भन्दै लालबन्दी नगरपालिकाले चेतावनीसमेत दिइसकेको भएपनि गजुरमुखीले अटेर गरी नदी दोहन गरिरहेको छ।

पूर्व–पश्चिम रेलमार्गको नजीकैबाट प्रस्ट देखिने गरी जथाभावी उत्खनन भइरहँदा समेत जिल्लाका सरोकारवाला निकाय मौन बसेका छन्। ठेक्का लगाइएका ठाउँमा समेत स्थानीय निकायले बेवास्ता गर्दा दुर्घटना निम्तिने गरी अत्यन्त ठूलाठूला खाल्डो पारेर गिट्टी, बालुवा निकाल्ने काम भइरहेको भन्दै बासिन्दाले गुनासो गरेका छन्। खोला उत्खननबारे नियमित अनुगमन हुन सकेको छैन। कहिलेकाहीं हुने अनुगमन र कारबाई खासै प्रभावकारी नदेखिएको जनगुनासो छ।

जिल्ला समन्वय समितिका सभापति मेथुर चौधरी नियमित अनुगमन गरिरहेको बताउँछन्। उनले पनि अनुगमन गर्दा वातावरणीय मूल्याङ्कन प्रतिवेदनविपरीत उत्खनन गरेको पाइएमा आवश्यक कारबाई गर्ने बताए। सर्लाहीमा अहिलेसम्म वातावरणीय मूल्याङ्कन प्रतिवेदनविपरीत उत्खनन गरेको भनेर कुनै पनि ठेकेदार र ठेकेदार कम्पनीलाई कारबाई नगरेको पाइएको छ।

खोला दोहनदेखि ठेक्कापट्टा कसलाई र कतिमा पार्ने भन्ने विषयमा जिल्लाका केही ठेकेदारको हातमा रहने गरेको देखिएको छ।

**१९ करोड भुक्तानीको तालिका सार्वजनिक**

सर्लाहीको हरिवन नगरपालिका–११ मा रहेको इन्दुशङ्कर चिनी उद्योगले उखु क्रसिङ बन्द गरेको छ। जारी सिजनमा ७९ दिन उखु क्रसिङ गरेर उद्योगले उखु लिन बन्द गरेको हो।

उद्योगले यो सिजनमा २२ लाख १६ हजार क्विन्टल उखु क्रसिङ गरेको उद्योगका उखु प्रबन्धक योगनारायण रजकले जानकारी दिए। गत वर्ष करीब २६ लाख ५० हजार क्विन्टल उखु क्रसिङ गरेको उद्योगले यस वर्ष करीब चार लाख कम उखु क्रसिङ गरेको हो।

चालू सिजनमा २५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको भएपनि विविध कारणले लक्ष्य अनुसार उखु पेल्न नसकिएको उद्योगले जनाएको छ। इन्दुशङ्कर गत पुस ६ गतेदेखि सञ्चालनमा आएको थियो।

उद्योगबाटै उखुको भुक्तानी वर्षौंसम्म नपाइने अनि सरकारी अनुदान पाउन पनि वर्ष दिनभन्दा बढी कुर्नुपर्नेलगायत झञ्झट बेहोर्नुपर्ने भएपछि किसानले पछिल्लो समय उखुखेती छाड्दै गएका छन्। यसबाट चिनी उद्योगको लक्ष्य अनुसार उखु क्रसिङ हुन सकेको छैन।

इन्दुशङ्करले केही वर्षअघि मात्र करीब ४० लाख क्विन्टल उखु क्रसिङ गरेको थियो। अन्य चिनी उद्योगले भुक्तानीमा किसानलाई लामो समयसम्म हैरानी दिइरहे पनि इन्दुशङ्करले निरन्तर भुक्तानी गरिरहेको उखु प्रबन्धक रजकले जिकिर गरे। उद्योगले जारी सिजनमैं रु ७५ करोड भुक्तानी गरिसकेको र फागुन १ देखि १५ गतेसम्मको बाँकी भुक्तानी रु ३० करोडमध्ये रु १९ करोडको भुक्तानी तालिका प्रकाशित गरिएको र सो भुक्तानी चैत १ गतेदेखि शुरू गरिने उनले जानकारी दिए।

सर्लाहीकै गोडैता नगरपालिकामा रहेको बगदहमा रहेको महालक्ष्मी सुगर मिल पनि फागुन १९ गते नै बन्द भइसकेको छ। आठ लाख ९० हजार क्विन्टल उखु क्रसिङ गरेको सो उद्योगले अझै पनि किसानको भुक्तानी गरेको छैन।

अघिल्ला वर्षमा पनि उखु उत्पादक किसानले आन्दोलन गरेपछि मात्रै महालक्ष्मीले पूरा भुक्तानी गरेको थियो। महालक्ष्मीले पुस ५ गतेदेखि उद्योग सञ्चालन गरेको भएपनि चार/पाँच दिनको मात्रै भुक्तानी गरेको किसानले बताएका छन्। सर्लाहीका तीन चिनी उद्योगमध्ये धनकौलको अन्नपूर्ण चिनी उद्योग गत वर्ष र यो वर्ष सञ्चालन नै हुन सकेन। नेपाली उखु उत्पादक किसानले उखु उत्पादन घटाएपछि उद्योगलाई उखुको अभावसमेत भएको थियो।

## फरक समाचार

# जुम्ल्याहा बच्चाको जन्मदर बढ्यो

संसारमा हरेक ४०औं बच्चा जुम्ल्याहा जन्मिँदैछन्। वैज्ञानिकले आइबिएफ प्रविधिबाट हुने जन्मलाई सबैभन्दा ठूलो कारण बताएको छ। साइन्स जर्नल ह्युमन रिप्रोडक्शनमा प्रकाशित शोध अनुसार हरेक वर्ष करीब १६ लाख जुम्ल्याहा बच्चाको जन्म भइरहेको छ। यो सङ्ख्या पछिल्लो ५० वर्षमा सबैभन्दा बढी हो।



शोधकर्ताले सन् २०१०–२०१५ मा १३५ देशको तथ्याङ्क सङ्कलन गरेको छ। यसबाट पत्ता लागेको छ, जुम्ल्याहा बच्चा जन्मने दर सबैभन्दा बढी अफ्रिकामा छ। अनुसन्धानमा सामेल अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक क्रिस्टियन मोन्डेन भन्छन्, “जुम्ल्याहा बच्चाको तुलनात्मक र विशुद्ध सङ्ख्या संसारमा २०औं सदीको मध्यपछि अहिले सबैभन्दा बढी हो। अब यो दिन प्रतिदिन बढ्दै जानेछ।” प्रा मोन्डेन भन्छन्, “विकसित देशहरूमा सन् १९७० को दशकदेखि प्रजननमा मदत गर्ने एआरटी प्रविधिको सुरुआत भयो। त्यसपछि जुम्ल्याहा बच्चाको जन्म बढी भएको छ। अहिले पनि महिलाहरू बढी उमेरमा आमा बन्दैछन् तर उनीहरूको जुम्ल्याहा बच्चा हुने लक्षण पनि बढ्दै छ। गर्भनिरोधकको प्रयोग बढेको छ।”

वैज्ञानिकले फर्टिलिटी दरमा आएको गिरावट पनि यसको लागि जिम्मेवार बताएको छ। शोधकर्ता जरोएन स्मिथको भनाइ छ, “कम र मध्यम आय भएको देशमा जुम्ल्याहा बच्चामाथि बढी ध्यान दिर्नुपर्छ। अनुसन्धान अनुसार यो सङ्ख्या हरेक वर्ष २–३ लाखसम्मको छ।

# मिर्गौला रोगीले कसरत गर्दा फाइदा

मिर्गौलाका रोगीमा लक्षण धेरैपछि देखिन्छ। नतीजा मिर्गौला फेल हुने खतरा रहन्छ। वैज्ञानिकको भनाइ छ, सामान्य व्यक्तिको तुलनामा मिर्गौलाका रोगीमा मुटुरोग हुने खतरा २० गुना बढी हुन्छ। हालै नयाँ अनुसन्धानले मिर्गौला रोगीलाई चेतावनी दिएको छ। अनुसन्धानले भन्छ, मिर्गौलाका रोगीले प्रतिदिन कसरत गर्छन् भने मिर्गौला र मुटु दुवैलाई फाइदा पुग्छ। यो दाबी ताइवानको नेशनल येंग–मिंग युनिभर्सिटीका शोधकर्ताले गरेका हुन्।



वैज्ञानिकले मिर्गौलाको गम्भीर स्थितिमा रहेका ४ हजार ५०८ जना रोगीमाथि अनुसन्धान गरेका थिए। अनुसन्धान अनुसार जुन रोगीले शारीरिक गतिविधि बढी गरेका थिए, उनीहरूमा मृत्युको खतरा ३८ प्रतिशतसम्म कम भएको छ। त्यस्तै, मिर्गौला फेल हुने आशङ्का १७ प्रतिशतसम्म घटेको छ। यसको अलावा ३७ प्रतिशत मुटुको रोगको पनि खतरा घटेको छ।

अनुसन्धानमा सामेल मिर्गौला रोगीको हरेक बानीमाथि ६ महीनासम्म निगरानी गरिएको थियो। रिसर्च रिपोर्टमा शारीरिक गतिविधि नगर्ने मिर्गौलाका रोगीमा मृत्युको खतरा दुई गुना बढेको छ। नेशनल येंग–मिंग विश्वविद्यालयका शोधकर्ता डा वे–चेंग सेंग भन्छन्, “हरेक दिन कसरत मिर्गौला रोगीमा हुने हार्ट रिद्म डिसअर्डरको खतरा पनि घटाउँछ। तसर्थ हरेक दिन कसरत गर्नुपर्ने बानी बसाल्नुपर्छ।”


जसलोक हस्पिटल एन्ड रिसर्च सेन्टरमा नेफ्रोलोजिस्ट डिपार्टमेन्टका निर्देशक डा एमएम बहादुर भन्छन्, “मिर्गौला स्वस्थ छ कि छैन, यसको लागि केही परीक्षण गराएर जाँच गर्न सकिन्छ। लक्षण देखिएपछि रोगीको रगत र मूत्र परीक्षण गर्ने सल्लाह दिइन्छ। यस परीक्षणको माध्यमबाट रगतमा प्रोटिन र क्रिटिनिनको स्तर जाँचिन्छ। यसको मात्रा बढी भएपछि सीधा असर मिर्गौलामाथि पर्छ। मधुमेह र उच्च रक्तचापबाट ग्रसित वा जसको परिवारमा मिर्गौला फेल भएको मामिला देखिएको छ, उनीहरूले यो जाँच अवश्य गराउनुपर्छ।

**मिर्गौलालाई कसरी स्वस्थ राख्ने:** रक्तचापलाई नियन्त्रित गर्ने, ब्लड सुगर बढ्न नदिने, हरेक दिन ४५ मिनेट कसरत गर्ने, प्रतिदिन ६–८ गिलास पानी पिउने, धुम्रपान नगर्ने।

**मिर्गौला फेल हुने ठूला कारण:** शरीरमा पानीको कमी, अत्यधिक बान्ता र दस्त, डेंगु, मलेरिया जस्ता रोग, औषधिको साइड इफेक्ट, मधुमेह र उच्च रक्तचाप, मिर्गौलामा पथरी र प्रोस्टेट बढ्नु, पटक–पटक मूत्रमा सङ्क्रमण, शरीरको वजन बढ्नु।

# सिन्थेटिकभन्दा कटनको मास्क राम्रो

कोरोनाबाट जोगाउने मास्क इलेक्ट्रोन माइक्रोस्कोपमा कस्तो देखिन्छ, वैज्ञानिकले यसको सूक्ष्म तस्वीर जारी गरेको छ। यी फोटो इपी विसेन्जी र स्मिथसोनियन म्युजियम कन्जरभेशन इन्स्टिच्युटले लिएको हो। अलग–अलग कपडा भाइरसले




भरिएको थोपा र एयरोसोल भनिने सूक्ष्म कणलाई कसरी छान्छ वैज्ञानिकले यो बुझ्न प्रयोग गरेका थिए। वैज्ञानिकको दाबी छ, कटनको कपडाबाट बनेको मास्क सिन्थेटिकभन्दा राम्रो हुन्छ। वैज्ञानिकका अनुसार पोलिस्टर कपडाबाट बनेको मास्कभन्दा कटनको मास्क राम्रो हुन्छ। कटनको मास्कको धागो एकअर्काभन्दा माथि मोडिएको हुन्छ। मास्कमा देखिएको धागो लगभग मनुष्यको कपालको चौडाइ बराबर हुन्छ। –प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# शाङ्घाईका क्याफेहरूमा रकूनदेखि सर्पजस्ता जीवजन्तु

शाङ्घाई, १ चैत/एएफपी

तपाईंलाई क्याफे भन्नेबित्तिकै दिमागमा कस्तो चित्र आउँछ ? स्वाभाविकरूपमा क्याफेमा थरीथरीका कफी, चिया र हल्काफुल्का खानेकुरा राखिएका हुन्छन् । तर चीनको ठूलो शहर शाङ्घाईमा कतिपय क्याफे भिन्न किसिमका छन्, र तिनीहरूको सङ्ख्या बढ्दैछ भने तिनीहरूले बढीभन्दा बढी ग्राहकलाई आकर्षित गर्न थालेका छन् ।



चीनको सङ्घाईस्थित एक क्याफे मालिक रकूनसँग खेल्दै । तस्वीरः एएफपी

के तपाईंले लाट्टे कफी पिउँदै गर्दा रकून (बिरालोजस्तो स्तनपायी जङ्गली जनावर)को बच्चा टुप्लुक्क देखा पर्ला ? अथवा कापुचिनो कफी पिउँदै गर्दा सर्प बेरिन आइपुग्ला ? कुकुर वा बिराला पालिएका क्याफेका कुरा त बिर्सौं, शाङ्घाईका जीवजन्तु क्याफेमा आजभोलि अझ नयाँ अनौठा जङ्गली जीवजन्तु धेरै नै देखिन थालेका छन् ।

विभिन्न जीवजन्तुलाई हेर्दै, छुँदै कफी पिउने पागलपन यहाँका नागरिकमा अझै छ । जङ्गली जीवजन्तुबाट मानिसमा घातक कोरोना भाइरस सरेको कुरा यहाँ भेला हुने मानिसले अचेल बेवास्ता गर्न थालेको प्रतीत हुन्छ ।

चीनको सर्वाधिक ठूलो शहर शाङ्घाईमा अहिले दर्जनौं यस्ता जीवजन्तु राखिएका क्याफे खुलेका छन् । यी क्याफेमा भेला हुने मानिसले जीवजन्तुसँग फोटो खिच्ने र सामाजिक सञ्जालमा पोस्ट गर्ने गरेका छन् ।

मध्य शाङ्घाईमा रहेको रकून क्याफेमा आठवटा स्तनपायी रकून राखिएका छन् । सबैभन्दा ठूलो रकूनको तौल करीब १० किलो छ । ग्राहकले चलाउन वा छुन खोजे यो जीव झ्यालको तलमाथि उफ्रिरहन्छ ।

"मलाई यो जीव अति राम्रो लाग्छ," २७ वर्षीय भलिबल खेलाडी क्विन सियू भन्छन् । साथीले सामाजिक सञ्जालमा राखेको फोटो हेरेर आफूले क्याफेका बारेमा चाल पाएको उनले बताए ।

ग्राहकले यस क्याफेभित्र छिर्न प्रवेश शुल्कबापत १५ डलर तिर्नुपर्छ तर यो ठाउँ क्याफे नै हो भन्ने विषयमा बहस हुन थालेको छ । रकूनको व्यवहार अनुमान लगाउन सकिँदैन । तातो कफी पिइरहँदा रकूनले एक्कासि झम्टिएर तर्साउन सक्छ । फेरि यी क्याफेमा मानिसका लागि खानेकुरा पनि खासै धेरै किसिमका पाइनन् ।

क्याफे सञ्चालक चेङ चेन गत वर्ष आफ्नो क्याफेमा रकून ल्याउँदा त्यसको व्यवहारका बारेमा खासै थाहा नपाएको बताउँछिन् । उनी भन्छिन्, यो मेरो पहिलो अनुभव थियो ।

यी रकूनहरू निकै रिसाहा पनि हुन्छन्, उनी भन्छिन्, "मेरो जीउमा यसले चिथोरेर धेरै ठाउँमा दाग बनाइदिएको छ ।"

यी ३६ वर्षीया क्याफे सञ्चालिका चेङलाई पनि मानिसले रकून किन पालेको भनेर प्रश्न गर्ने गरेको बताउँछिन् । उनको विचारमा मानिसले प्रश्न गर्नु स्वाभाविक हो किनभने यहाँ कुकुरलाई दिइने खानेकुरा खान दिइन्छ ।

चेङलाई जीवजन्तु पाल्ने पहिल्यैदेखि निकै ठूलो सोख थियो र उनका घरमा धेरैवटा कुकुर र बिराला छन् । उनलाई रकूनको पनि औधी माया लाग्छ । "सामान्यतया यहाँ कुनै ठोस नियम छैन । साँचो भन्नुपर्दा खासगरी चीनमा घरमा पालिने जीवजन्तुसम्बन्धी नियमहरू निकै कमजोर छन्," उनी भन्छिन् ।

शाङ्घाईकै अर्को क्याफेमा सर्पहरू, छेपाराहरू र रङ्गीचङ्गी माउसुलीले ग्राहकलाई खुशी तुल्याउन प्रतीक्षा गरिरहेका छन् । यस क्याफेका सञ्चालक वाङ लिक्वुनको यस क्याफेमा ३० वटा सर्प छन् । यी सर्पहरूमा विष हुँदैन, तर यिनीहरूले मानिसलाई टोक्न सक्छन् । वाङको भनाइमा आजसम्म कुनै पनि ग्राहकलाई यी सर्पले डसेका छैनन् ।

टाङ नाम गरेकी एक ग्राहकले क्याफेले मानिसलाई आफूमा रहेको डर भगाउन मदत गरेको बताइन् । २७ वर्षीया ती ग्राहकले भनिन्, "यहाँ आएपछि मानिसले आफ्नो सोचाइमा परिवर्तन पाउन सक्छन् र सरिसृप प्रजातिका जीवजन्तु साँच्चिकै मायालाग्दा हुँदा रहेछन् ।"

तर विश्व जीव संरक्षणसँग आबद्ध वैज्ञानिक इभान सनले यी क्याफेप्रति आफूलाई निकै शङ्का लागेको बताए । "यी क्याफेमा जीवजन्तुको अवस्था निकै दयनीय हुने गर्दछ, र तिनीहरूले भयानक पीडा र दबाब महसूस गरेका हुन्छन् ।"

चीनका लागि वन्यजन्तु अभियानका व्यवस्थापकसमेत रहेका सनले भने, "वन्यजन्तुसँग निकट अन्तर्क्रियाले पीडा र क्रुरता मात्र बढाउने होइन, यसले रोग पनि निम्त्याउँछ र मानिसमा सार्न सक्छ । जीवजन्तु राखिएका क्याफे जाने अधिकांश ग्राहक प्राणीलाई मन पराउनेहरू नै हुन्छन्, तर उनीहरूलाई जीवजन्तुको खाने, बस्ने तौरतरीकाका बारेमा खासै जानकारी नहुने भएकाले मानिसलाई अप्रत्यक्ष असर पारिरहेको हुन्छ ।" रासस

# ब्रजीलमा ७६ हजार नयाँ सङ्क्रमित, पूर्वराष्ट्रपतिलाई खोप

साओ पाउलो, १ चैत/सिन्ह्वा

ब्रजीलमा कोरोना भाइरसबाट एकै दिनमा थप ७६ हजारभन्दा बढी सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा ७६ हजार १७८ जना सङ्क्रमित भएका हुन् ।

त्यसैगरी, सोही अवधिमा कम्तीमा एक हजार ९९७ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ ।



ब्रजीलका पूर्वराष्ट्रपति लुइस इनासियो लुला डि सिल्भालाई कोरोना विरुद्धको खोप लगाउँदै । तस्वीरः सिन्ह्वा

ब्रजीलमा अहिलेसम्म कुल एक करोड १४ लाख ३९ हजार ५५८ जना सङ्क्रमित भएका छन् भने दुई लाख ७७ हजार १०२ जनाको मृत्यु भइसकेको छ ।

कोरोना भाइरसको महामारीबाट साओ पाउलो सबैभन्दा बढी प्रभावित भएको छ । त्यहाँ पछिल्लो २४ घण्टामा मात्रै ४३४ जनाको मृत्यु भएको छ ।

सेवा क्षमता कम भएको र कतिपय अवस्थामा अभावसमेत भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

यसैबीच, ब्रजीलका पूर्वराष्ट्रपति लुइस इनासियो लुला डि सिल्भाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । उनले शनिवार पहिलो खोप लगाएका हुन् ।

"कोरोना भाइरसबाट जोगिनका लागि सबै मानिसले खोप लगाउनुपर्छ," खोप लगाएपछि पत्रकारहरूसँग उनले भने ।

उनले सबै नागरिकलाई कोरोना भाइरसविरुद्धको खोप लगाउन पाउने सुनिश्चित गर्न पनि सरकारसँग माग गरे ।

पूर्वराष्ट्रपति लुलाले आगामी १४ देखि २८ दिनभित्र आफूले दोस्रो खोप पनि लगाउने जानकारी दिए ।

### भारतमा २५ हजारभन्दा बढी सङ्क्रमित

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेहरूको सङ्ख्यामा फेरि वृद्धि हुन थालेको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा २५ हजार ३२० जना सङ्क्रमित भएका हुन् ।

यसअघि एक दिनमा सङ्क्रमितहरूको सङ्ख्या आधा कम भइरहेका बेला अहिले फेरि बढ्दै जान थालेको हो ।

मन्त्रालयले पछिल्लो २४ घण्टामा १६ हजार ६३७ जना कोरोना भाइरस मुक्त भएको तथ्याङ्क पनि सार्वजनिक गरेको छ ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या एक करोड १३ लाख ५९ हजार ४८ पुगेको अधिकारीहरूले जनाएका छन् ।

कुल सङ्क्रमितमध्ये दुई लाख १० हजार ५२२ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन् भने कुल एक करोड नौ लाख ८९ हजार ८९७ जना सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये अहिलेसम्म एक लाख ५८ हजार ६०७ जनाको मृत्यु भएको छ । तीमध्ये १६१ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो ।

स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार भारतमा अहिलेसम्म दुई करोड ९७ लाख ३८ हजार ४०९ खोपको उपभोग भएको छ ।

त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ । परिषद्का अनुसार शनिवारसम्म भारतमा २२ करोड ६७ लाख तीन हजार ६४१ जनाको कोरोना परीक्षण गरिएको छ । शुक्रवार भने आठ लाख ६४ हजार ३६८ जनाको कोरोना परीक्षण गरिएको छ । रासस

# मौलापुरमा लगाइएको अफिम/गाँजा खेती फँडानी

प्रस, रौतहट, १ चैत/

मौलापुर नगरपालिका–७ पिपरियामा एक बिघा जग्गामा लगाइएको अफिम र गाँजा खेती नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

मकैबालीको बीचमा लागूऔषध अफिम र गाँजा खेती गरिएको सूचनाको आधारमा प्रहरी उपरीक्षक सिद्धिविक्रम शाह र इलाका प्रहरी कार्यालय मौलापुरको प्रहरी टोलीले गाँजा र अफिम खेती नष्ट गरेको जिप्रका रौतहटले जनाएको छ ।



अफिम र गाँजा खेती नष्ट गर्दै प्रहरी । तस्वीरः सौजन्य

प्रहरीले सो ठाउँबाट ७ हजार अफिमको बोट र १ कट्ठा जग्गामा लगाइएको गाँजाखेती नष्ट गरेको र जग्गाधनीको खोजी भइरहेको जिप्रका, रौतहटले जनाएको छ ।

# लागूऔषधसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १ चैत/

लागूऔषधसहित दुईजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

आइतवार मध्याह्न वीरगंज–१६ रजतजयन्ती चोकबाट लागूऔषधसहित भारत, उत्तर प्रदेशको गोरखपुर निवासी ५५ वर्षीय रमेश दास र मकवानपुर, हेटौंडा महानगर–९ निवासी २९ वर्षीय रामकुमार देउजा रहेको प्रहरीले जनाएको छ । उनीहरूले तरकारी राखेको बोरामा लुकाएर राखेको वनरेक्स १०० एमएल ५० बोतल र नाइट्रोभ्याट ३ सय थान बरामद भएको प्रहरीले जनाएको छ ।



लागूऔषधसहित पक्राउ परेकाहरू ।

### लहान मालपोत कार्यालय....

घाइतेमध्ये भण्डारी र कर्मचारी यादवको अवस्था गम्भीर रहेकाले उपचारका लागि विराटनगर पठाइएको र बाँकी घाइतेको लहानस्थित सप्तऋषि अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक तपनकुमार दाहालले जानकारी दिए ।

विस्फोटबाट कार्यालयको एउटा कोठामा आगोसमेत लागेको छ । आगो वारुणयन्त्रले तत्कालै नियन्त्रणमा लिएको थियो । उनका अनुसार घटनास्थलमा जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चाको पर्चा पम्प्लेट फेला परेको छ ।

### वीरगंज उद्योग वाणिज्य.....

वटामा निर्वाचनबाट पदाधिकारी निर्वाचित भएको उनले बताए । उनको अनुसार वरिष्ठ उपाध्यक्षमा अनिलकुमार अग्रवाल (पटवारी), द्वितीय उपाध्यक्षमा मतदानबाट हरि गौतम निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी सुनील खेतानले ल्याएको ६ मतको विरुद्ध २६ मत ल्याएर हरि गौतम निर्वाचित भएका हुन् भने महासचिवमा मनोजकुमार दास सर्वसम्मत चयन भएका छन् ।

सङ्घको वरिष्ठ उपाध्यक्ष पदेन अध्यक्ष बन्ने नियम छ ।

त्यसैगरी, कोषाध्यक्षमा नवनीत अग्रवालले ल्याएको १५ मतको विरुद्ध १७ मत ल्याएर गोविन्दप्रसाद शाह निर्वाचित भएका छन् । सहकोषाध्यक्षमा अङ्कित चाचानले ल्याएको ५ मतको विरुद्धमा प्रेमचन्द्र गोयलले २७ मत ल्याइ निर्वाचित भएका छन् ।

सचिवमा उद्योगतर्फ सुरेश रूँगटाले ल्याएको ९ मतको विरुद्ध अरबिन्द अमात्यले २३ मत ल्याइ निर्वाचित भएका छन् भने वाणिज्य सचिवमा आशिष् लाठ सर्वसम्मत चयन भएका छन् ।

उद्योगतर्फ सहसचिवमा सुशान्त चाचान, वाणिज्य सहसचिवमा अनुजकुमार रूँगटा चयन भएका छन् । ३५ सदस्यीय कार्यसमिति सदस्यमा माधव राजपाल, प्रभात रूँगटा, शिवजीप्रसाद, ताराप्रसाद, रवीन्द्र वर्णवाल, मुरली जालानलगायत सर्वसम्मत चयन भएको निर्वाचन अधिकृत रामेश्वर सेढाईंले जानकारी दिए । सदस्यहरूबाट तृतीय उपाध्यक्ष अध्यक्षले मनोनीत गर्नेछन् ।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | व्यर्थभ्रमण | वृष | धनलाभ |
| मिथुन | कर्मप्राप्ति | कर्कट | अस्वस्थता |
| सिंह | वादविवाद | कन्या | व्यापारवृद्धि |
| तुला | कडाश्रम | वृश्चिक | कार्यनाश |
| धनु | भयचिन्ता | मकर | मित्रमिलन |
| कुम्भ | धनखति | मीन | सुयशः |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, पर्सा, वीरगंज

## स्यालो ट्युबेल/कृषि यान्त्रीकरण/ट्याक्टर एटच्याटमेन्टको सूचीकृत गर्ने तथा आर्थिक प्रस्ताव पेश गर्ने सूचना

प्रथमपटक प्रकाशन मिति २०७७/१२/०२ गते

यस कृषि ज्ञान केन्द्र पर्साको आव २०७७/०७८ को कार्यक्रम अनुसार तपसिल अनुसारका दर अनुदानमा वितरण हुने स्यालो टयुबेल/कृषि यान्त्रीकरण/टयाक्टर एटच्याटमेन्टका लागि कार्यालयबाट स्पेसिफिकेशन विवरण लिई सूचीकृत गर्ने तथा आर्थिक प्रस्ताव पेश गर्न १५ दिने सूचना प्रकाशन गरिएको छ । इजाजतप्राप्त आपूर्तिकर्ताले १५ दिनभित्र यस कार्यालयमा सम्पर्क गरी स्पेसिफिकेशन विवरण निश्शुल्क प्राप्त गरी आपूर्तिकर्ताले सिलबन्दी सूचीकृत तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | विवरण | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | स्यालो टयूबेल | ८५ (पचासी) प्रतिशत | |
| २ | चार पाङ्ग्रे टयाक्टरबाट चल्ने रोटाभेटर | ५० (पचास) प्रतिशत | |
| ३ | चार पाङ्ग्रे टयाक्टरबाट चल्ने थ्रेसर (धान) | ५० (पचास) प्रतिशत | |
| ४ | चार पाङ्ग्रे टयाक्टरबाट चल्ने थ्रेसर (गहुँ) | ५० (पचास) प्रतिशत | |
| ५ | पावर टिलर | ५० (पचास) प्रतिशत | |
| ६ | चार पाङ्ग्रे टयाक्टरबाट चल्ने डिस्क हैरो | ७५ (पचहत्तर) प्रतिशत | |
| ७ | चार पाङ्ग्रे टयाक्टरबाट चल्ने लेभलर | ५० (पचास) प्रतिशत | |
| ८ | चार पाङ्ग्रे टयाक्टरबाट चल्ने रिपर | ५० (पचास) प्रतिशत | |

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

# अहिलेको सङ्कटको निकास काङ्ग्रेसले दिन्छ –देउवा

प्रस, सिम्रौनगढ, १ चैत/

नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले अहिलेको जटिल दुई दिनसम्म चल्ने कुश्ती प्रतियोगिताको उद्घाटन समारोहमा प्रमुख अतिथिको रूपमा बोल्दै उनले भने, "जब–जब देशमा भइरहेको र सहमति जुट्यो भने सङ्कटको बेला नेकाले देशलाई निकास दिने उनको जोड थियो ।


कार्यक्रममा मन्तव्य राख्दै देउवा र कुश्ती खेलाडी । तस्वीरः प्रतीक

परिस्थितिमा पनि काङ्ग्रेसले नै निकास दिने बताएका छन् ।

नेपाली काङ्ग्रेसको खेलकूद विभागले बारामा आयोजना गरेको स्व खुमबहादुर खड्का स्मृति नेपाल–भारत अन्तर्राष्ट्रिय कुश्ती प्रतियोगिताको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

बाराको पचरौता नगरपालिकाको वडा नं ५ बेलदारीमा आइतवारदेखि सङ्कट आएको छ, त्यति बेला काङ्ग्रेस नै जनताको पार्टी बनेर सङ्कटबाट निकास दिएको छ," उनले भने, "यसपालिको जटिल परिस्थितिमा पनि काङ्ग्रेसले निकास दिनेछ ।" उनले संसद् पुनर्स्थापनाको निर्णय गरेर सर्वोच्चले लोकतन्त्रको रक्षा गरेको भन्दै आगामी सरकारको नेतृत्वको विषयमा पनि विभिन्न राजनीतिक दलसँग छलफल

निजी हेलिकोप्टरबाट दिउँसो साढे १२ बजे बेलदारी पुगेका सभापति देउवा अपराह्न ४ बजे ऐतिहासिक धार्मिकस्थल गढीमाईको दर्शन पनि गरेका थिए । मन्दिर परिसरमा उनलाई ५१ किलोको मालासहित स्वागत गरिएको थियो । दर्शनपछि उनी पुनः काठमाडौं फर्किएका छन् ।

कुश्ती प्रतियोगिताको उद्घाटन समारोहमा नेपाली काङ्ग्रेस खेलकूद विभाग संयोजक तथा पूर्व सञ्चारमन्त्री मोहनबहादुर बस्नेत, केन्द्रीय सदस्य एवं पूर्वमन्त्री उमाकान्त चौधरी, फरमुल्लाह मन्सुर, राधेचन्द्र यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

काङ्ग्रेसनिकट खेलकूद विभागका केन्द्रीय सदस्य मणिभूषण यादवको अध्यक्षता र सञ्चारकर्मी नीलिमा पौडेलले सहजीकरण गरेको कार्यक्रममा पर्सा, बारा र रौतहटका नेकाका नेता, कार्यकर्ताहरूको उल्लेख्य सहभागिता थियो । प्रतियोगितामा नेपाल र भारतका दर्जनौं पहलमानले कुश्तीमा सहभागिता जनाएका छन् ।

# महिलामाथि छुरा प्रहार, नाबालकसहित दुईजना पक्राउ

प्रस, बिरुवागुठी, १ चैत/

पर्सागढी नगरपालिका–३ पकडिया बडनिहारको मुसहर टोलमा आइतवार र शरीरका विभिन्न भागमा चोट लागेको छ । उनलाई उपचारको लागि नारायणी अस्पताल पठाइएको प्रहरीले जनाएको


लक्ष्मीनियादेवी चौधरीको घर । तस्वीरः प्रतीक

बिहान एकजना महिलामाथि छुरा प्रहार भएको छ ।

घरमा सुतिरहेको बेलामा ४५ वर्षीया लक्ष्मीनियादेवी चौधरीमाथि छुरा प्रहार भएको प्रहरी चौकी बिरुवागुठीले जनाएको छ । दुई/तीन जनाको समूहमा आएका व्यक्तिले घरभित्र प्रवेश गरेर चौधरीमाथि छुरा प्रहार गरेका थिए । चौधरी केही समयदेखि पतिसँग अलग्गै बस्दै आएकी छन् ।

छुरा प्रहारबाट चौधरीको टाउको छ । यसैबीच, प्रहरीले छुरा प्रहार गरेको कसूरमा एकजना नाबालकसहित दुईजनालाई शङ्काको आधारमा पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साले एकजना १७ वर्षीय नाबालिग र अर्का एकजनालाई शङ्काको आधारमा पक्राउ गरिएको र अनुसन्धान भइरहेको बताएको छ । छुरा प्रहारको कारण खुलिसकेको छैन । प्रहरीले अनुसन्धानपछि तथ्य खोल्ने र सार्वजनिक गर्ने बताएको छ ।

### नाटकीयरूपमा जाटिया.....

मुद्दा दायर गरेका थिए ।

मोहीले अदालतमा मुद्दा दायर गरेपछि श्रीराम कोलोनीको जग्गा खरीद गरी भवन निर्माण गरेका व्यक्तिहरूले जिल्ला प्रहरी कार्यालय, पर्सामा सङ्गठित ठगी मुद्दा दायर गरेका थिए । यो जग्गा प्रकरणमा प्रहरीले प्रेम जाटियालाई पक्राउ गर्नुका साथै गोपाल अग्रवाल र मालपोत र भूमिसुधारका कर्मचारीहरूको खोजी गर्दैछ । जग्गा खरीद–बिक्रीमा संलग्न कर्मचारीसमेतलाई कारबाईको दायरामा राखिएको छ ।

यसैगरी, १५ वर्षपछि मोहियानी हक खोजीनीति गर्नेहरूविरुद्ध पनि सङ्गठित ठगी अपराध मुद्दा दर्ता छ ।

### बेसहारालाई................

आश्रमले सेवा गर्न पाएको छ । २० कोठे तीन तले हालको भवनमा शौचालयको कमी तथा आश्रितको सङ्ख्या बढी भएर सुत्न गाऱ्हो भएको साथै विभिन्न गतिविधि गर्न पनि साँघुरो भएको स्वयंसेवक गुप्ता बताउँछन् । उनले खर्च तथा चन्दा वीरगंजका दाता र महानगरपालिकाले मात्र दिने गरेको तर पर्सा र बाराका अन्य अशक्त तथा असहायलाई उद्धार गरी पठाइदिएपछि झन् समस्या बढ्दै गएको स्वयंसेवकहरूले दुःखेसो पोख्छन् ।

"आश्रमलाई फोहोर फाल्ने केन्द्रको रूपमा जहाँबाट पनि जसलाई पनि पठाइदिन्छन्, खाद्यान्न, कपडा वा अन्य सेवाको कुरा गर्दा जनप्रतिनिधिहरू नै पछाडि हट्नुहुन्छ, जुन क्षेत्रमा असहाय आमाबुबा भेट्नुहुन्छ, सम्बन्धित पालिकाले पनि सहयोग गरी शरण दिने वातावरण बनाउनुपर्छ," एकजना स्वयंसेवकले भने ।

बाराका कलैया र जीतपुरसिमरा उपमहानगरपालिकाबाट पनि धेरैजना असहायलाई पठाउने गरिन्छ । स्वयंसेवकहरूले मानव सेवा आश्रमलाई अन्तै स्थानान्तरण गर्न भवन पत्ता लगाइ सहयोग गर्न आग्रह गरेका छन् । रामजी अधिकारी संस्थापक अध्यक्ष रहेको मानव सेवा आश्रम आजको समयमा सातवटा प्रदेशका चार जिल्लामा २२ वटा केन्द्रमार्फत सञ्चालनमा छ । नेपालमा १६ सय ५० जना आश्रितलाई शरण दिएको मानव सेवा आश्रम स्थानीय पालिकाको आर्थिक सहयोग, भोजन सेवा, विवाहिक वर्षगाँठ, जन्मोत्सव, पितृ स्मृति दिवस, मासिक दान एवं खाद्यान्न सहयोगबाट आश्रमको खर्च चल्ने गरेको छ । बिहान ६ देखि ७ बजेसम्म उठाएर नित्य कर्म गराएर चिया बिस्कुट वा दूध पाउरोटी, साढे १० बजे शाकाहारी खाना, २ बजेको नास्तामा प्रत्येक दिन अलग नास्ता र बेलुका साढे ७ बजे खाना र ८ बजे औषधि खुवाएर आश्रितहरूलाई विश्राम कक्षमा पुऱ्याउने दैनिकी रहेको स्वयंसेवकहरूको भनाइ छ । ५१ जनामा १० जनाको मात्र मानसिक सन्तुलन ठीक रहेको, बाँकी अधिकांश मानसिक सन्तुलन गुमाएका अशक्त बिरामी छन् । कतिजनाको ओछ्यानमैं मलमूत्र सफा गर्नुपर्ने अवस्था रहेको छ । मानव सेवा आश्रम वीरगंजमा सानु गुरुङ, मुना लिम्बु, नीरज पटेल, विधान तामाङ र गुप्ता गरी पाँचजना स्वयंमेवकले सेवा दिइरहेका छन् ।

गुप्ता प्रदेश २ को हरिवनमा स्थापना भएको मानव सेवा आश्रमको पनि व्यवस्थापनको जिम्मा पाएका छन् । हाल विराटनगर, वीरगंज, हरिवन, हेटौंडा मुख्य कार्यालय, चिवतन, काठमाडौं, भक्तपुर, ललितपुर, बुढानीलकण्ठ, काठमाडौं, पोखरा, लमजुङ्ग, बाग्लुङ्ग, गोरखालगायत २२ वटा केन्द्रमार्फत मानव सेवा आश्रमले बेसहाराहरूलाई सेवा दिइरहेको छ ।






# सुरक्षित ढङ्गले पढ्न नपाए दीर्घकालीन असर– नगरप्रमुख सरावगी

प्रस, वीरगंज, १ चैत/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले बालबालिकाले विद्यालयमा सिसिटिभी जडान गरिएको, शिक्षक समयमा उपस्थित गराउन ईहाजिरी लागू भएको, खानेपानीको हुनुपर्ने बताइन् । उनले सुरक्षित सिकाइ नहुँदा विद्यार्थीहरू कुण्ठित हुने र उनीहरूको आत्मविश्वासमा कमी आउने



तस्वीरः सौजन्य

सुरक्षित ढङ्गले पढ्न नपाए दीर्घकालीन असर पर्ने बताएका छन् ।

शिक्षा पत्रकार समाज र आसमान नेपालले आयोजना गरेको विद्यालयमा सुरक्षित सिकाइका लागि नीति निर्माणबारे छलफल कार्यक्रममा बोल्दै नगरप्रमुख सरावगीले सामुदायिक विद्यालयका बालबालिका सुरक्षित नरहेको बताए । उनले शिक्षा क्षेत्र सुधारका लागि सङ्घ र प्रदेश सरकारले स्थानीय तहसँग समन्वय र सहकार्य गरेर अघि बढ्नुपर्ने बताए । उनले महानगरपालिकाले शिक्षामा विशेष ध्यान दिएको बताए ।

उनले सिद्धार्थ र नृसिंह माविं महानगरपालिकामा आएपछि ती व्यवस्था गरिएको, सेनेटरी प्याड वितरण, पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब निर्माण गरिएको बताए ।

वीरगंज महानगरपालिकाले डाउन सिन्ड्रोम र अटिज्म भएका बालबालिकाको लागि सिद्धार्थ माविमा अध्ययनको व्यवस्था मिलाएको, बहिरा महासङ्घसँग सहकार्यमा बहिराहरूलाई आवासीय अध्ययन, आँखा नदेख्ने बालबालिकालाई त्रिजुद्धमा अध्ययनको व्यवस्था मिलाइएको बताए ।

पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनले विद्यालयमा सुरक्षित सिकाइका लागि सरोकारवाला एक बताइन् ।

कार्यक्रममा पर्सागढी नगरपालिकाका प्रमुख लोकनारायण यादव, कालिकामाई गाउँपालिकाका वडाध्यक्ष एवं शिक्षा समितिका अध्यक्ष पवन तिवारीलगायतले शिक्षा क्षेत्रमा रहेका विकृति तथा राजनीति हटाउनुपर्ने बताए ।

आसमान नेपाल पर्साका संयोजक मुनीलाल बैठाले कार्यक्रमको उद्देश्यबारे जानकारी गराएका थिए ।

सुरक्षित सिकाइ कार्यक्रम पर्सा, सर्लाही, लमजुङ्ग, सुर्खेत जिल्लाका २७ पालिका र ६९ वटा विद्यालयमा सञ्चालनमा रहेको आसमान नेपालका कार्यक्रम संयोजक डा वीरेन्द्र सिंहले बताए ।

# भन्सार एजेन्ट महासङ्घको अध्यक्षमा घिमिरे निर्वाचित

प्रस, परवानीपुर, १ चैत/

भन्सार एजेन्ट महासङ्घ नेपालको १०औं वार्षिक साधारणसभा तथा ४औं अधिवेशन शनिवार काठमाडौंमा सम्पन्न भएको छ ।

सभाले काठमाडौंका भरतराज घिमिरे र कोषाध्यक्षमा मनोजराउत कुर्मीलगायत सदस्य छन् ।

साधारणसभामा नेपाल भन्सार



तस्वीरः प्रतीक

घिमिरेको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ ।

नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्ष प्राचीनकुमार थैइब, प्रथम उपाध्यक्ष काशीराज उपाध्यक्ष, द्वितीय उपाध्यक्ष भाग्यनारायण मिश्र, तृतीय उपाध्यक्ष चेतनाथ पौडेल, महासचिव विष्णुमणि खनाल, सचिव कृष्णप्रसाद एजेन्ट सङ्घ काठमाडौं, भैरहवा, वीरगंज भन्सार एजेन्ट सङ्घ पर्सा, विराटनगर भन्सार एजेन्ट सङ्घ रानी, मेची भन्सार एजेन्ट सङ्घ, नेपाल भन्सार एजेन्ट सङ्घ जनकपुर, नेपाल भन्सार एजेन्ट सङ्घ रसुवा, नेपाल भन्सार एजेन्ट सङ्घ तातोपानी गरी आठवटा संस्थाका १७० एजेन्ट र ३५० जना प्रतिनिधि सहभागी थिए ।

# पेट्रोलियम विक्रेता सङ्घ पर्साको अध्यक्षमा पुनः चौरसिया

प्रस, परवानीपुर, १ चैत/

वीरगंज पेट्रोलियम विक्रेता सङ्घ पर्साको आगामी तीन वर्षको लागि अध्यक्ष रौनियार, मजिद मियाँ, महासचिव श्याम रौनियार, सचिव हरिहरप्रसाद कलवार र कोषाध्यक्ष रामबाबू चौहानलगायत



तस्वीरः प्रतीक

पदमा पुनः विनोद चौरसिया सर्वसम्मत चयन भएका छन् । गएराति सम्पन्न सङ्घको ७औं जिल्ला अधिवेशनले चौरसियाको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्षद्वय रामबाबू सदस्यहरू चयन भएका छन् । पेट्रोलियम विक्रेता महासङ्घका राष्ट्रिय महासचिव विश्वप्रकाश अर्यालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वीरगंज पेट्रोलियम विक्रेता सङ्घका निवर्तमान अध्यक्ष मनोज दासलगायतको सहभागिता थियो ।